(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

# gjlj sNk

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

वर्ष ९ अङ्क १६ पूर्णाङ्क ४०५ | आइतवार, पुस १७, २०७३ | Jan. 01, 2017, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-




## गीत र म्युजिक भिडियोको विमोचन

विस्तृत अन्तिम पृष्ठमा

# सुन्तलामा सम्भावना

- अन्नबालीको विकल्पमा सुन्तला खेती
- सडकसँगै बजार विस्तार
- गाउँमा करोडौ नगद भित्रियो
- सिँचाई र रोगको समस्या

■ सन्तोष गौतम/नवविकल्प



*भकिम्ली २ मरेकका कृषक सुन्तला टिपेर बजार पठाउने तयारी गर्दै । तस्विर नवविकल्प*

भकिम्ली २ मरेकका इन्द्रबहादुर थापाले दशक अघिसम्म पाँच रोपनी पाखोबारीमा कोदो लगाएर बर्षमा मुस्कीलले तिन मुरी उत्पादन गर्नुहुन्थ्यो । कोदो बेच्दा तिन हजार रूपैयाँ मूल्य पर्दथ्यो । "उत्पादन भएको अन्न बिक्री गर्न समेत गाह्रे थियो" थापाले विगत सम्झनुभयो "खेतालाको ज्याला, बिउ, समय र श्रम हिसाव गर्दा घाटा हुन्थ्यो ।"

तिन मुरी कोदो फल्ने जग्गामा सात वर्षअघि २५० बोट सुन्तला लगाएका थापाले यसपाली ८० हजार रूपैयाँ आम्दानी गर्नुभयो । बगैचाबाटै प्रतिकिलो ४५ रूपैयाँका दरले सुन्तला बेचेका थापाले धान खेतमा थप दुई सय वटा बिरूवा लगाउनुभएको छ ।

मरेककै धना थापाको बारीमा रहेका २०० मध्य १६४ वटा बोटमा यसपाली चार हजार किलोग्राम सुन्तला फल्यो । "पोखराबाट आएका ब्यापारीले एक लाख असी हजार रूपैयाँ खनखनी गनेर बगैचामै सुन्तला किनेर बजार पुऱ्याए" थापाले भन्नुभयो ।

मरेकका इन्द्रबहादुर र धना मात्र होइन सुन्तला खेती गरेका म्याग्दीका कृषकहरू राम्रो आम्दानीले उत्साहीत र दंग समेत परेका छन् । "एउटै रूखमा तिन हजारको सुन्तला फल्यो" कृषक थापाले भन्नुभयो "हाम्रो जिवनमा सुन्तला खेतीले नसोचेको परिवर्तन ल्याएको छ ।"

थोरै लगानी र सजिलो तरिकाले गर्न सकिने सुन्तला खेतीले कृषकको जिवनमा सुखको दिन फिरेका छन् । "बाह्रै महिना श्रमपसिना बगाउँदा हुने उब्जनीले घरमै खान ठिक्कै हुन्थ्यो" मरेकका कर्णकुमारी पुर्जाले भन्नुभयो "सुन्तला खेती गरेपछि घरमा खान पनि पुगेकै छ, आम्दानी पनि भएको छ ।"

करिब तिस रोपनी जग्गा भएकी उहाँले पन्ध्र रोपनीमा अन्नबाली र बाँकीमा सुन्तला लगाउनुभएको छ । बेनी बजारमा बस्दै आएका मरेकका पदमबहादुर खत्रीले पुख्यौली खेतबारीमा २२० बोट सुन्तला लगाउनुभएको छ । यसपाली दुई लाख रूपैयाँको सुन्तला बेचेका खत्री बजार बस्न थालेपछि बाँझीने अवस्थामा रहेको जग्गालाई सुन्तला खेती गरेर सदुपयोग गरेको बताउनुहुन्छ ।

"बजारमा बस्न थालेपछि खेतबारी बाँझीने अवस्था थियो, सुन्तला लगाएपछि जग्गाको

बाँकी पृष्ठ ७ मा

# दुई गाविसमा अतिक्रमण हटेको घोषणा

■ नवविकल्प



*कुहुँ र बाबियाचौर गाविसको सामुदायिक वन क्षेत्रमा भएको अतिक्रमण हटाईएको घोषणा गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुदै पुर्वराज्य मन्त्री एवं सांसद नरदेवी पुन । तस्विर धिरन खत्री*

म्याग्दीका दुई वटा गाविसको सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाईएको छ । कुहुं र बाबियाचौर गाविसको सार्वजनिक जग्गामा भएको अतिक्रमण समुदाय परिचालन गरेर हटाइएको हो ।

दुई गाविसको ४२९.९१ हेक्टर क्षेत्रफल सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाएर १९ वटा सामुदायिक वनको स्वामित्वमा ल्याइएको हो । ११ वटा सामुदायिक वन उपभोक्ता समूह रहेको कुहुँमा २७९.४८ हेक्टर अतिक्रमण हटाइएको छ । बाबियाचौरमा १५०.४३ हेक्टर अतिक्रमण हटाएर आठ वटा सामुदायिक वनको स्वामित्व कायम गरिएको छ ।

जिल्ला वन अधिकृत सुखलालप्रसाद जयसवालले समुदाय परिचालन गरेर बाबियाचौर र कुहुँमा नेपालमै पहिलोपटक वन अतिक्रमण हटाइएको जानकारी दिनुभयो । अर्मन र बरंजाको पनि सबै क्षेत्रका अतिक्रमण हटाएर घोषणा गर्न इलाका वन कार्यालय बाबियाचौरले पहल थालेको छ ।

अर्मनमा अतिक्रमण हटाएर दुई वटा नयाँ सामुदायिक वन स्थापना भएको छ । २.१ हेक्टरको दोवील्ना बगर र ३४.४ हेक्टरको सहयोगी सामुदायिक वन स्थापना गरि वृक्षारोपण गरिएको छ । अर्मन टिकावाङको साउनेपानी सामुदायिक वन क्षेत्रमा भएको २.१५ हेक्टर अतिक्रमण समेत हटाइएको बाबियाचौर इलाका वन कार्यालयका सहायक वन अधिकृत चन्द्रमणी सापकोटाले बताउनुभयो ।

बरंजाको टाडीबिसौना सामुदायिक वन समूहको ११.२९ हेक्टर र अर्थुङ्गेको सानो चौतारी महिला सामुदायिक वन क्षेत्रमा २.३० हेक्टर अतिक्रमण हटाइएको वन कार्यालयको तथ्याङ्क छ । वन क्षेत्र र सार्वजनिक जमिनमा बढ्दो अतिक्रमण हटाउनका लागि इलाका वन कार्यालय बाबियाचौरले दुई वर्षअघि "समुदायमा आधारित वन अतिक्रमण नियन्त्रण" अभियान सुरू गरेको थियो ।

सामुदायिक वन उपभोक्ता समूह र वन प्राबिधिकको पहलमा ब्यक्तिले प्रयोग

बाँकी पृष्ठ ७ मा


टाइपिङ, सेटिङ र डिजाइनका लागि भरपर्दो ठाउँ

**शर्मा डेस्कटप**

बेनीबजार, म्याग्दी

मो.नं. ९८५७६२१५६०





प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

**जि.सी. क्रसर उधोग**

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९–५२०९२०,

९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...



**STUDY & WORK IN JAPAN**

Admission Open .........

**Our Services:-**

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Prep-eration Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

**TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.**

**INTAKE: April/July/October/January**

Your bridge for aboard study in **Japan**
for more detail visit us.............

**S. Raj Language Institute (P) Ltd.**

*Sangam Chock-Beni*

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।



**सूचना**

सञ्चार माध्यमले निष्पक्ष भई जनतालाई सकारात्मक उत्प्रेरणा दिने खालको तथ्यपूर्ण सूचना र जानकारी दिने खालका सामग्री सम्प्रेषण गर्नु पर्दछ ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

5f6s/L

## पूर्व विद्यार्थीद्वारा क्याम्पसलाई सहयोग

■ नवविकल्प

बेनीको म्याग्दी बहुमुखी क्याम्पसलाई पुर्व विद्यार्थीहरूले आर्थिक सहयोग गरेका छन् । क्याम्पसको स्तरवृद्धीका लागि सञ्चालित सहयोग संकलन अभियान अन्तरगत अस्ट्रेलीयामा रहेका पुर्व विद्यार्थीको पहलमा करिब चार लाख रूपैयाँ सहयोग प्राप्त भएको हो ।

म्याग्दी प्रवासी नेपाली संघ (मोना) अस्ट्रेलीयाको समन्वयमा संकलित तिन लाख ७५ हजार ४२७ रूपैयाँ सो संस्थाका प्रतिनिधि तथा पुर्व विद्यार्थी हरि गिरीले क्याम्पस सञ्चालक समितिका अध्यक्ष हरिकुमार श्रेष्ठलाई सोमबार हस्तान्तरण गर्नुभयो । क्याम्पसमा स्नाकोत्तर तह र प्राबिधिक विषयको पठनपाठन सञ्चालन गर्न आयस्रोत जुटाउने उद्देश्यले गत कात्तिक २५ देखि मंसिर २ गतेसम्म सञ्चालित महायज्ञमा दुई करोड ८४ लाख रूपैयाँ संकलन भएको थियो । महायज्ञ सकिएपनि सहयोग प्राप्त हुने क्रम जारी रहेको क्याम्पसले जनाएको छ ।

## पत्रकार महासंघमा तालाबन्दी

■ नवविकल्प

नेपाल प्रेस युनियन म्याग्दीले सोमबार नेपाल पत्रकार महासंघ जिल्ला शाखाको कार्यालयमा तालाबन्दी गरेको छ । शाखाले नेपाल पत्रकार महासंघको सदस्यताका लागि गैरब्यवसायीक पत्रकारलाई सिफारीस गरेकाले तालाबन्दी गरेको प्रेस युनियन म्याग्दीका सभापति गोपाल छन्त्यालले बताउनुभयो ।

सरकारी कर्मचारी र राजनितिक दलका कार्यकर्ताहरूलाई महासंघको साधारण सदस्यता प्रदान गर्नका लागि सिफारीस गरिएकोमा युनियनको आपत्ती रहेको सभापति छन्त्यालद्धारा जारी विज्ञप्तीमा उल्लेख छ ।

नेपाल पत्रकार महासंघ म्याग्दी शाखाको आईतबार बसेको बैठकले साधारण सदस्यताका लागि १५ जनाको नाम सिफारीस गरेको थियो । २७ जनाको आवेदन परेकोमा महासंघको बिधान अनुसार योग्य भएकालाई बैठकमा छलफल गरि सदस्यताका लागि सिफारीस गरिएको शाखा अध्यक्ष सुरत केसीले बताउनुभयो ।

## सामाजिक सेवामा दाह्री ग्याङ

■ नवविकल्प

सामाजिक सञ्जाल फेसबुक मार्फ संगठित भएका युवाहरूले सामाजिक काम गर्न थालेका छन् । पछिल्लो समय फेसबुकमा दाह्री ग्याङका नाममा संगठित भएका छन् ।

दाह्री ग्याङले मंगलबार जिल्ला अस्पतालमा उपचार गराइरहेका विरामीलाई फलफूल वितरण तथा सरसफाई गरेको छ । अस्पताल परिसर भित्र सरसफाइ गरिएको दाह्री ग्याङका संयोजक नेत्रराज सुवेदीले बताउनुभयो । फेसबुक मार्फत् संगठित भएका उनीहरूले समाजमा चेतनामुलक कार्यक्रम गर्ने योजना भनाएको उहाँले बताउनुभयो । अस्पतालमा उपचार गराईरहेका एक दर्जन विरामीलाई दुध तथा फलफूल वितरण गरेका थिए ।

## विद्यालयलाई एक लाख बढी सहयोग

■ नवविकल्प

म्याग्दीको राम्चेमा रहेको देउराली आधारभुत विद्यालयलाई एक लाख रूपैयाँ भन्दा बढी सहयोग प्राप्त भएको छ । विद्यालयमा स्थापित अक्षयकोषमा सोमबार थप एक लाख बाईस हजार रूपैयाँ नगद सहयोग प्राप्त भएको हो । चितवन घर भई हाल बेलायतमा ब्यवसाय गर्दै आउनुभएका एकेन्द्र गुर्बजाले एक लाख बाह्र हजार र बेल्जीयममा रहनुभएका मनबहादुर गर्बुजा र उहाँकी श्रीमतीले दश हजार रूपैयाँ सहयोग गर्नुभएको हो ।

जन्मथलोमा गर्बुजाद्धयको स्वागत तथा सम्मानका लागि आयोजित कार्यक्रमका अवसरमा उहाँहरूले राम्चेको देउराली आमा समूहलाई ६५ हजार रूपैयाँ सहयोग गर्नुभएको स्थानीय अगुवा फासबहादुर गर्बुजाले बताउनुभयो । एकेन्द्र गर्बुजाले ६० हजार र मनबहादुर गर्बुजाले पाँच हजार रूपैयाँ आमा समूहलाई सहयोग गर्नुभएको हो । देउराली आधारभुत विद्यालयका निजी स्रोतका शिक्षकको तलबभत्ता जुटाउनका लागि स्थापित अक्षयकोषमा हालसम्म १२ जनाले १८ लाख रूपैयाँ सहयोग गर्नुभएको विद्यालयका संस्थापक समेत रहनुभएका गर्बुजाले जानकारी दिनुभयो ।

## दरवाङमा एक्सरे सेवा सूचारु

■ नवविकल्प

म्याग्दीको दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रमा एक्सरे सेवा सूचारू भएको छ । तिन वर्षअघि बिग्रीएको एक्सरे मेसीन मर्मत गरेपछि गत हप्तादेखि सेवा सचारू भएको हो ।

दरवाङमै सेवा उपलब्ध भएपछि एक्सरे गर्नका लागि सदरमुकाम बेनी पुग्नुपर्ने समस्याको अन्त्य भएको केन्द्रका प्रमुख डाक्टर राजेन्द्र पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार हातखुट्टा भाँच्चीएको, फ्याक्चर भएको र चोटपटक लागेको अवस्थामा दरवाङमै एक्सरे गर्न सकिने भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयको सहयोग र स्वास्थ्य केन्द्र ब्यवस्थापन समिति मार्फत सामाग्री खरिद गरेर बिग्रीएको एक्सरे मेसीन मर्मत गरेर पुनप्रयोगमा ल्याइएको डाक्टर पौडेलले बताउनुभयो । दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रबाट दैनिक पचास जनाले आकस्मीक र बहिरंग सेवा लिने गरेका छन् । दरवाङ, निस्कोट, अर्मन, रूम, ओखरबोट, देविस्थान, बिम, मराङ, ताकम लगायत १५ गाविसका बासिन्दाले केन्द्रबाट सेवा लिने गरेका छन् ।

केन्द्रमा फार्मेसी सेवा सुरू गर्न उपसमिति गठन गरेर प्रक्रिया थालीएको छ । फार्मेसीको भवन बनाउन दरवाङ गाविसले चालु आर्थिक वर्षमा दुई लाख रूपैया बजेट बिनियोजन गरेको छ । थप बजेट जुटाएर भवन बनाउन पहल भैरहेको छ । यसैगरी शवगृह भवन निर्माणका लागि पनि योजनाको माग गरिएको स्वास्थ्य केन्द्र प्रमुख पौडेलले बताउनुभयो ।

# फोटो कथा



*सब स्टेशनको काम : २२० केभी क्षमताको कालीगण्डकी प्रशारण कोरीडोर आयोजना अन्तरगत म्याग्दीको दाना सबस्टेशन निर्माणका लागि पुर्वाधार तयार पारिदै । म्याग्दीको उत्तरी क्षेत्र र मुस्ताङमा निर्माण हुने जलविद्युत आयोजनाको विद्युत केन्द्रिय प्रशारण लाईनमा जोड्ने उद्देश्यले नेपाल विद्युत प्राधिकरणले सबस्टेशन र प्रशारण लाईन आयोजना निर्माण गर्न लागेको हो । तस्विर ठाकुरप्रसाद आचार्य*



*लिफ्ट खानेपानी आयोजना : बेनी नगरपालिका ५ डम्मरामा निर्माण भएको लिफ्ट खानेपानी तथा सिँचाई आयोजनाको निरक्षणमा आएका खानेपानी तथा ढल निकास बिकास बिभागका सिनीयर डिभिजनल इन्जिनियर अरुणकुमार सिम्खडासंग छलफल गर्दै उपभोक्ताहरु । यो आयोजना मार्फत म्याग्दी नदीको पानी तानेर डम्मरामा खानेपानी वितरण गरिएको छ । तस्विर सन्तोष गौतम, नवविकल्प*



*पौरखी नागीबासी : म्याग्दीको राम्चे गाविसको १ र २ नम्बर वडाका बासिन्दाहरु सडकको सुधारका लागि श्रमदान गरेर सोलीङ गर्दै । नांगीका बासिन्दाहरु विकास निर्माणको काममा श्रमदान गर्न निक्कै सक्रिय छन् । तस्विर कृष्ण पुर्जा पुन, नांगी*

# स्वास्थ्य बिमा दर्ता सुरु

■ नवविकल्प



सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिले बुधबारदेखि म्याग्दीमा स्वास्थ्य बिमाको दर्ता सुरू गरेको छ । समितिले बेनीमा आयोजना गरेको कार्यक्रममा बेनपा ६ निवासी पुर्व सांसद गोविन्द पौडेलले जिल्लामै पहिलो पटक स्वास्थ्य बिमाको दर्ता गर्नुभएको हो । समितिका कार्यकारी निर्देशक डाक्टर गुणराज लोहनीले पौडेल लगायत स्वास्थ्य बिमाका लागि नाम दर्ता गराउनेहरूलाई परिचयपत्र वितरण गर्नुभएको थियो ।

म्याग्दीमा समितिले बिमा दर्ता प्रयोजनका लागि ४३ जना दर्ता सहयोगी परिचालन गरेको छ । दर्ता सहयोगी जिल्लाबासीको घर घरमा गई बिमा गराउने कार्यक्रम छ । आगामी फागुन १ गतेदेखि उपचार सेवा सुरू गरिने समितिका जिल्ला प्रबन्धक श्रीकृष्ण प्रजापतीले जानकारी दिनुभयो । गत वर्ष बागलुङ, ईलाम र कैलालीबाट सुरू गरिएको सो कार्यक्रम यस वर्ष म्याग्दी लगायत २२ जिल्लामा विस्तार भएको निर्देशक लोहनीले बताउनुभयो । पाँच जनासम्मको परिवारले वार्षिक रुपमा प्रतिपरिवार रू दुई हजार पाँच सय तिर्नुपर्ने र पाँचभन्दा बढी भए प्रतिसदस्य रू चार सय पच्चिसका दरले थप रकम तिर्नुपर्ने व्यवस्था छ ।

पाँच जनाको परिवारका लागि प्रतिपरिवार वार्षिक रू ५० हजारसम्मको सेवा पाइने र पाँचभन्दा थप सदस्य भएमा जनही रू १० हजार गरी बढीमा रू एक लाखसम्मको सेवा पाइने बताइएको छ । म्याग्दीमा बेनी स्थित जिल्ला अस्पताल र दरवाङ प्राथमिकत स्वास्थ्य केन्द्र पहिलो सेवाप्रदायक संस्थाको रूपमा सूचिकृत भएका छन् । कार्यक्रमबाट बिमाकर्ताले बहिरङ्ग, प्रसूति, एक्सरे, प्रयोगशाला, घाउ चिरफार, टाँका सिलाइ, अल्ट्रासाउन्ड, इन्डोस्कोपी, फिजियोथेरापी, मधुमेह, आँखा सेवालगायत ३२ सेवा पाउने छन् । स्वास्थ्य बिमा दर्ता शुभारम्भ कार्यक्रमका प्रमुख अतिथि समेत रहनुभएका पुर्व सांसद पौडेलले कार्यक्रमले आम नागरिकको स्वास्थ्य उपचारमा सहज पहुँच स्थापित गराउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा धौलागिरी अञ्चल अस्पताल बागलुङका मेडिकल अधिकृत सागर राजभण्डारी, पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निमित्त प्रमुख केयरसिङ बडाल र म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी यादवनाथ आचार्यले सामान्य बिरामी पर्दा समेत घरखेत बेच्नुपर्ने विपन्न समुदायलाई स्वास्थ्य बिमा कार्यक्रम लाभदायी बन्ने बताउनुभयो ।

स्थानीय विकास अधिकारी प्रेमराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्लामा क्रियाशिल राजनितिक दलहरूको तर्फबाट नेपाली काँग्रेसका कोषाध्यक्ष टंक हमालले पनि मन्तब्य व्यक्त गर्नुभएको थियो ।

# सहयोग पाउँदा बालबालिकामा खुसीयाली

■ नवविकल्प



जिल्लामा रहेका तिनवटा अपाङगता स्रोत कक्षामा अध्ययनरत बालबालिकाहरूलाई अपाङग संघ म्याग्दीले तिनलाख रुपियाँ भन्दा वढीको सामाग्री सहयोग गरेको छ । प्लान नेपालको आर्थिक सहयोगमा धौलागिरि मावि सिंगामा सञ्चालनमा रहेको बहिरा स्रोत कक्षा, वालजागृति प्रावि बगुवाखोलामा सञ्चालनमा रहेको बौद्रिक अपाङगता स्रोत कक्षा र ज्ञानोदय मावि राखु पिप्ले मौवाफाँटमा सञ्चालनमा रहेको दृष्ट्रि विहिन स्रोत कक्षालाई शनिबार तिनलाख १७ हजार चारसय रुपियाँ बरावरका सामाग्री सहयोग गरिएको हो । सहयोग पाउँदा स्रोतकक्षाहरूमा अध्ययनरत बालिबालिकाहरूमा खुसीयाली छाएको छ । अभाव र समस्यामा रहेका हामीहरूलाई सहयोगले राहत महशुस भएको दृष्ट्रिविहिन स्रोत कक्षामा अध्ययनरत सुवास विकले बताउनुभयो ।

स्रोतकक्षाहरूमा फर्निचर, लताकपडा, खेलकुदका सामाग्रीहरू र पुस्तकालयका लागि अवस्यक पर्ने सामाग्रीहरू हारमोनियम, तबला, ढोलक, सारङगी बाँसुरी, सहयोग गरिएको छ । बालजागृति प्राविमा रहेको बौद्धिक अपाङगता स्रोत कक्षालाई टिभी सहयोग गरिएको छ । अपागङगता बालबालिकाहरूलाई पठनपाठनमा सहयोग पुऱ्याउन सामाग्रीहरू सहयोग गरिएको अपाङग संघ म्याग्दीले जनाएको छ । तीनओटा स्रोत कक्षामा ५४ जना विद्यार्थीहरू अध्ययनरत छन् ।

सहयोग हस्तातरण कार्यक्रममा निमित्त जिल्ला शिक्षा अधिकारी विश्वराज रेग्मी, विद्यालय निरिक्षक राम करणपाल, धवालगिरि माविका स्रोत ब्यक्ति केशव प्रशाद रेग्मी, मुक्तिधाम माविका स्रोत ब्यक्ति दुत बाहादुर गर्बजा, अपाङग संध म्याग्दीका अध्यक्ष गोपाल केसी कार्यकारी निर्देशक केपी अधिकारी लगायतको उपस्थिति रहेको थियो । हस्तान्तरण कार्यक्रममा निमित्त जिशिअ रेग्मीले अपाङग बालिबालिकाको पठनपाठनमा सहयोग पुग्ने अपेक्षा ब्यक्त गर्नुभयो । सहयोग गरिएका सामाग्रीहरू अपाङगता बालबालिकाहरूको हितमा प्रयोग गर्न विद्यालयहरूलाई निर्देशक अधिकारीले आग्रह गर्नुभएको छ ।

# तिन हजारभन्दा बढी लाभान्वित

■ नवविकल्प

म्याग्दीको दुर्गम क्षेत्रमा सञ्चालीत निशूल्क स्वास्थ्य शिवीरबाट तिन हजार जना भन्दा बढी सर्वसाधारण लाभान्वित भएका छन् । म्याग्दी सामुदायिक विकास परियोजना लागू भएको गुर्जा, लुलाङ, मुना, मुदी र मराङ गाविसमा सञ्चालन भएको शिवीरबाट तिन हजार दुई सय जनाले गाउँमै स्वास्थ्य सेवा पाएका हुन् । गुड नेवर्स ईन्टरनेशनलको आर्थिक र जिल्ला स्वास्थ्य कार्यालयको सहयोगमा कालीगण्डकी सामुदायिक विकास मञ्च (कदम)को आयोजनामा पुष १४ गते गुर्जा र मुदीबाट सुरू भएको थियो ।

शिवीरमा स्वास्थ्य परिक्षण, परामर्श र निशूल्क औषधि वितरण सेवा दिइएको कदम म्याग्दीका अध्यक्ष हरिप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार तिन लाख ८५ हजार रूपैयाँ मूल्य बराबरको औषधि निशूल्क वितरण गरिएको छ । जिल्ला अस्पतालका चिकित्सक बिबेक पौडेल र शिशीर अधिकारीको नेतृत्वमा रहेको १३ जना स्वास्थ्यकर्मीको दुई वटा टोलीले सात ठाउँमा शिवीर सञ्चालन गरेको थियो । गुर्जा, लुलाङ, मुना, फलीयागाउँ, मुदी, खिवाङ, मराङ र आरवाङमा एकरएक दिन शिवीर सञ्चालन गरिएको थियो ।

छाला, आँखा, कान र स्वासप्रस्वास सम्बन्धि समस्या भएका बिरामीहरू बढी आएका शिवीरमा सहभागी स्वास्थ्यकर्मीहरूले बताएका छन् । बिशेष गरेर आँखा सम्बन्धि समस्या भएका बिरामीहरूलाई लक्षित गरेर शिवीर सञ्चालन भएको हो । भौगोलिक बिकटता, आर्थिक अभाव लगायतका कारणले सदरमुकाम र जिल्लाबाहीरका अस्पतालमा पुगेर स्वास्थ्य सेवा लिन नसकेका सर्वसाधारणको सुबिधाका लागि शिवीर सञ्चालन गरिएको कदमका अध्यक्ष पौडेलले बताउनुभयो ।

# जेसीजको अध्यक्षमा बराल

■ नवविकल्प


म्याग्दी जेसीजको शाखा अध्यक्षमा नारायणकुमार बराल निर्वाचित हुनुभएको छ । शनिबार राती बेनीमा सम्पन्न शाखाको १८ औँ बार्षिक साधारण सभा तथा शाखा अधिवेशनबाट सन २०१७ का लागि बराल सर्वसम्मत रूपमा अध्यक्षमा निर्वाचित हुनुभएको हो । अधिबेशनबाट कार्यकारिणी उपाध्यक्षमा सुशील थकाली र सैलेश श्रेष्ठ, उपाध्यक्षहरूमा कमल खत्री, सुजन बरूवाल, भुपेन बानियाँ र बिरेन्द्र श्रेष्ठ निर्वाचित हुनुभएको छ ।

त्यसैगरि शाखाको बरिष्ट कार्यकारिणी उपाध्यक्षमा बद्री पौडेल, महासचिबमा खम थापा, कोषाध्यक्षमा सुमन श्रेष्ठ, सहकोषाध्यक्षमा बिना घर्ति, सहसचिबमा सागर सुवेदी मनोनित हुनुभएको छ । त्यसैगरि निवर्तमान शाखा अध्यक्षमा भिमसेन बराईली, शाखा सम्पादकमा विपिन बानियाँ, जनसम्पर्क संयोजकमा कमल विश्वकर्मा, कानुनी सल्लाहकारमा नवराज पौडेल, अध्यक्ष सल्लाहकारमा नकुल ढकाल मनोनित हुनुभएको निर्वाचन मण्डलले जनाएको छ ।

शाखा अध्यक्ष भिमसेन बराईलीको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै नवनिर्वाचित अध्यक्ष बरालले म्याग्दी जेसीजका अभियानहरूलाई प्रभाबकारी बनाउँदै युवाहरूको क्षमता र नेतृत्व विकासका कार्यक्रमलाइ आफुले प्राथमिकता दिने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा म्याग्दी जेसिजका संस्थापक अध्यक्ष, पूर्व अध्यक्षहरू लगायतले नवनिर्वाचित कार्य समितिलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभएको थियो । शाखाका संस्थापक अध्यक्ष रमेशकुमार श्रेष्ठले बधाई ज्ञानप गर्नुभएको कार्यक्रममा नकुल ढकालले सुभकामना र निर्वाचन संयोजक नवराज पौडेलले सञ्चालन गर्नुभएको थियो ।

हार्दिक बधाई





हाम्रा आदरणीय दाजु म्याग्दी उद्योग वाणिज्य संघका कोषाध्यक्ष तथा सफल युवा व्यवसायी दिपेन्द्र (दिपु) श्रेष्ठ नेपाल सरकारको मन्त्रीस्तरीय निर्णयबाट व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिको सदस्य पदमा नियुक्त हुनुभएकामा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

हिक्मत श्रेष्ठ/रोशनी श्रेष्ठ
विरेन्द्रचोक, बेनी बजार, म्याग्दी
(हाल : अष्ट्रेलिया)

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

## सम्पादकीय ...

## सांसदका टुक्रे योजना

DofUblsf ;f+bx?n] 6'qm] ofhgfx? l;kmfl/; u/]sf 5g\. 6'qm]ofhgfn]ljsf; eGbf klg ufpFdf 4G4 lgDTofpg]bljvG5 . pglx?n]l;kmfl/; / k|:tfj u/]sf ljsf; ofhgfx? sfof{jog xFbf ;+sf pTkGg ePsf] 5 . ;/sf/L 9'sf6Laf6 afl8Psf ofhgfx? JolQmut vNtLsf]k}}faf6 afl8Pem}h; lng]kjl[Q xfjL ePsf] 5 . ;f+bqon] sfokjlw ldr]/ slgsf 5/em}ofhgf l;kmfl/; u/]kl5 ;d:of pTkGg ePsf]5 . l;kmfl/; ul/Psf ofhgfx? /fhgLlts /ª dl5Psf 5g\. ljsf; eGbf klg ufpFfpFsf sfo{stf{x? kmsfpg afl8Psf h:tf bljvG5g\. lgjf{g Iflq ljsf; sfo{qmdsf]89 s/f8 ?kofFahf6sf nflu ;f+b gj/fh zdf{/ g/b]L kl'gn]la;÷la; j6f / /]zdaxfb'/ aflgofF]!( j6f lzif{sdf @% j6f ofhgf lhlj;df k|:tfj ug{ePsf]xf].

;f+bqon] l;kmfl/; u/]sf ^% ofhgfx?sf nflu 89s/f8 ?lkofFdfq 5 . clxn]sf] cj:yfdf ^% j6f ofhgfx? 89 s/f8df s;/L ;DkGg xfhfg < 6'qm] ofhgfx? k|rf/dfv/L / sfo{stf{nfO{ v';L agfpg] vfnsf dfq 5g\. lhNnfsf]ljsf;sf nflu lb3{sflng?kdf dxTj /fVg]eGbf klg dtbftfnfO{ cfkmgf]kIfdf kfg{tl/sfn]ofhgfx? l;kmfl/; ul/Psf 5g\. ufpFfpFdf 5l/Psf 6'qm]ofhgfx?sf]h; lng g]tfx?df xf8afhL rn]sf]5 . :yfgLojf;Lx? ah6 sfof{jogdf ljeflht xg ;Sg];+efjgf klg bljvG5 . ofhgfx?nfO{/fhgLlts /ª lbPkl5 pkef]Qmf ;ldltdf u7gdf ;d:of cfpg]kSsf 5 . ;f+bx?4f/f k|:tflj t tyf l;kmfl/; ePsf ofhgfx?df ;8s sf]6'ofs vfNg] ddf{ ug]{gbL lgoGq0f, sIff sf7f, ;fdbflos ejg / vfhdbfgn]kfyldst kfPsf 5g\. ls;fgL dflj ladsf] ejg lgdf0fsf nflu @)&! df ;f+b zdf{sf]l;kmfl/;df ;~rflnt ofhgf pkef]Qmf ;ldlt u7gdf ePsf]lajfb / nIo cg';f/ sfd xg g;s]/ k'/f ah6 vr{xg;s]sf] lyPg\. o; jif{klg o;df ofhgf k/]sf]5 . utjif{ g}ljjflbt ag]sf ofhgfx?df km]/L l;kmfl/;df k/]sf 5g\.

lhlj;dfkm{ ;~rfng xg]ul/Ps hgf ;f+bsf] l;kmfl/;df krf; nfv ?kofF]@! j6f ;Dd ofhgf ;~rfng ug{;lsg]Joj:yf /x]sf]5 . h; dWo Pp6f ofhgf clgjfo{bz nfv ?kofF] xgkg]{Joj:yf 5 . lhNnf kl/ifbaf6 kfl/t ePsf, qmdfut / ck'/f ofhgfnfO{ ;d6]gkg]{ sfokawL ePklg lgjf{g Iflq ljsf; sf]sf sfo{qmd clwsf+z ljt/0fdv'L, sfo{stf{ l/emfpg]lsl;dsf / 6'qm]5g\. yf]/}ah6sf / 6'qm] ofhgf w/}}xBf pkef]QmfnfO{ef/ kg{bljvG5 . lhlj;df kfljlws?sf] sld 5 . l;ldlt kfljlws hgzlQmn] ufpFfpFdf 5l/Psf 6'qm]ofhgfx?sf]kflalws ;j{f0f, cgudg / dNofª\sg ug{kflalwsnfO{ sl7g xg] bljvG5 . o;n]ubf{kf0f{?kdf ofhgfx? sfof{jo xg] eGbf klg emf/f 6fg{tl/sfn];DkGg ug{bljvG5 .

## l6Kk0fL, kltlqmof / ;emfj


**नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।**

**सम्पर्क**:

bikalpanews@gmail.com

**फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६**

# ‘बिसी’ फेरि अर्को एकपटक आलोचनाको तारो बने होलान् !



**... हिन्दू धर्मशास्त्रहरुले भनेजस्तो पुलस्त्य पुलहादिको पुस्ता जन्मनुभन्दा करोडौ वर्ष अगाडिदेखि नै यो धर्तीमा मान्छेको अस्तित्व थियो भन्ने कुरा प्रमाणित भैसकेको छ। ब्रह्मापुत्र ऋषिहरु लगभग पाँच हजारवर्ष पुराना मात्र हुन् । मान्छेको वंश त पाँच करोड वर्ष पहिलेदेख नै पृथ्वीमा उत्पत्ति भैसकेको थियो । कृषिकर्मको विकास हुनुपूर्व मानिस प्राकृतिक फलफुल, घाँसपात र मांस भक्षण गरेर बाँच्थ्यो । खाद्यबस्तुको रुपमा अन्नको पहिचान नहुदै पनि मान्छे जीवित थियो भन्ने कुराको ज्ञान नराख्ने युगमा प्रतिपादित सिद्धान्त हो -पिण्डदान !**

**- चन्द्रप्रकाश बानियाँ**

म्याग्दीको सन्दर्भमा नरबहादुर बिसीको परिचय दिइरहनु आवश्यक छजस्तो लाग्दैन । विद्रोहको पर्याय बनेका बिसीकी सानीमा अर्थात द्वितीया माताको मृत्यु भएछ । जन्मपछि मृत्यु अनिवार्य छ । सिंगो चराचरजगत विनासशील छ । सूर्य, चन्द्र, तारा लगायत सबै खगोलीय पिण्डहरु एकदिन मासिन्छन । मानव पिण्ड पनि त्यही सर्वथा नासवान जगतको सानू अंश हो । त्यसैले मानव जीवनको अन्त अपरिहार्य छ । पुरानो मासिन्छ, नयाँ जन्मन्छ । दुनियाको रीति यही हो । पुस्तान्तरणको स्वाभाविक प्रक्रिया यस्तै छ ।

ढिलो चाँडोको कुरा मात्रै हो, धर्तीअवतरण पछिको अन्तिम नियति मानवदेहको पूर्ण समाप्ति नै हो । स्वभावत: आफन्तको खतिमा मन्खत लाग्छ । मृत्यु अनिवार्य नियति हो भनेर जान्दाजान्दै पनि मन व्यथित हुन्छ । रुन्छ । “त्यस्तो नभैदिएका भए हुन्थ्यो” भनेर कल्पिन्छ । भाउजु गोमतीको प्रणायाम अनिवार्य नियति थियो । अपरिहार्य गन्तव्य थियो । मृत्युको टिकट काटेरै भाउजुको जन्म भएको थियो । म्याद पुगेपछि जानै पर्थ्यो । जानुभयो । आज नभए त्यो दिन भोलि आउँथ्यो । नआई छोड्दैनथ्यो ।

मृत्यु चर्चायोग्य विषय होजस्तो लाग्दैन । चर्चाको विषय बिसीले बसालेको अन्तिम संस्कारको नितान्त मौलिक परम्परा हो । बिसीले आफ्ना बाबुको काजकिरिया पाँच दिनमै सकाएर मृत्युसंस्कारको पुरानो झण्झटिलो परम्परा तोडेका थिए । अपेक्षाकृत सरल र विल्कुल भिन्न शोक मनाउने चलनको सुरुवात गरेका थिए । परम्परागत समाजले नयाँ कुरा हतपति स्वीकार्दैन ।

पचाउन सक्दैन । स्वभावत: बिसीको व्यवहारवादी चेष्टा समाजलाई रुचेन । धर्म तोडेको र परम्परा विथोलेको भनेर समाजलले निन्दा आलोचना गर्‍यो । सराप्यो । नयाँ परम्पराको सुरुवात गर्ने उनको चेष्टालाई धर्मसंस्कार विरुद्धको अपराध ठहर्‍यायो । “काग कराउँदै गर्छ पिना सुक्दै गर्छ” भनेजस्तो कसैले विमति राख्छ भन्दैमा “भैहाल्यो त नी” भन्ने स्वभाव बिसीको छैन । आफ्नो ब्रह्मले ठिक ठानेको कुरामा एक्लै परे पनि सतीशालझैं उभिने बानी छ ! समाजले रुचाउँदैन भनेर आफैले बसालेको परम्परा यसपटक उनले अवश्य तोडेनन् होला । परिणामत: फेरि पनि आफन्त, इष्टमित्र, छरछिमेक र धर्माधिकारीहरुको आलोचनाको शिकार बने होलान् ! घर घरमा उनको मनपुस्त “गोज्याउरी” को रत्यौली खेलियो होला ।

धर्म र सामाजिक परम्परा अगल विषय हुन । हाम्रो समाजमा भने सामाजिक परम्पराहरुलाई नै “धर्म” को रुपमा परिभाषित गर्ने गरिन्छ र परम्पराविपरित ठहरिने आचरणलाई धर्मको बर्खिलाप मानिन्छ । सामान्यत: धार्मिक कर्मकाण्डहरु अपविर्तनीय मानिन्छन् । सामाजिक रीतिस्थिति र परम्पराहरु समयानूल परिमार्जित र परिवर्तित हुँदै रहन्छन् । हाम्रो अघिल्लो पुस्ताले पेटी भोटो र कछाडमा जीन्दगी गुजार्‍यो ।

नयाँ पुस्ताले प्यान्ट र सर्टले आङ छोप्ने गरेको छ । बाबुबाजेको चलन भनेर कसैले पनि अब भोटो भिर्दैन । कछाड कस्न रुचाउँदैन । दुईचार दशक अघिसम्म मासको दाल र कोदोको ढिंडो खान धोती फेरेर चौकीमा चढ्ने परम्परा थियो । आजकाल सुटबुटसँगै होटेलको डाइनिङ्ग टेबलमा गजधम्मिएर लुड्याउन कसैले धक मान्दैन । कसैलाई असजिलो पनि लाग्दैन । समयसँगै परम्पराहरु बदलिन्छन् भन्ने कुराको जीउँदा उदारणहरु हुन यी । परम्परा समाजले बनाउने र चलनचल्तीमा स्थापित गराउने कुरा हुन् । समय सन्दर्भले अप्रसाङ्गिक ठहर्‍याइदिएपछि परम्पराहरु फेरिन्छन् । मासिन्छन् ।

सामान्यत: सामुहिक निर्णयबाट सामाजिक परम्पराहरु बदलिदैनन् । समाजको आलोचनाको पर्वाह नगर्ने एकादुई बहादुरहरुले अप्ठेरोपर्दा परम्परा मिच्ने हिम्मत देखाउँछन् । परिवर्तन सान्दर्भिक नै भए पनि सिंगो समाजले झट्टै उसलाई पछ्याउन तयार हुदैन । “समाजले के भन्ला” भनेर सबै डराउँछन् । कैयौं परम्पराहरु लुकीचोरी पनि तोडिएका हुन्छन् । त्यस्ता धृष्टताहरु सधैंभरी लुकिरहँदैनन् । परम्परा तोडिएको कुरा “एक कान, दुई कान हुदै मैदान” भैदिन्छ । यत्रतत्र सर्वत्र झ्याली पिटिन्छ । “कुरो त ठिकै हो” भन्ने लागेकै भए पनि आँट गर्न नसक्ने पाङदुरेहरु त्यसपछि खुलेर परिवर्तनको अभियानमा सामेल हुन्छन् । समाजको ठूलो हिस्साको चरीत्र त्यस्तै हुन्छ । लुकी चोरी परम्परा तोड्न मिल्ने विषयहरुमा धेरै मानिसहरु सजिलै सामेल हुन्छन् । तर श्राद्ध, किरीया, व्रतबन्ध जस्ता समाजिक रुपमा प्रदर्शन गर्नुपर्ने परम्परा तोड्ने कार्यमा भने सुरो मुटु चाहिन्छ । अपच हुन थालिसकेका परम्पराहरु तोड्ने कुरामा सिंगो समाजले त्यस्तै दरो मुटु हुनेहरुतर्फ आशामुखी बनेर हेरिरहेको हुन्छ ।

घरेलु विधि व्यवहारहरुलाई धर्मसँग जोड्ने र पापको आतङ्क मच्चाएर तिनलाई समाजमा थोपर्ने हाम्रो सनातन चलन रही आएको छ । त्यस्तो परम्परा सामाजिक रीतिरिवाजमा मात्र होइन, राजनीतिमा समेत उपयोग गरिएको देखिन्छ । पञ्चायतकालमा व्यवस्था र राजाको विरोध गर्नु अक्षम्य अपराध मानिन्थ्यो । व्यवस्थाको विरोध गरे अराष्ट्रिय तत्वमा गणना हुन्थ्यो, सजायभागी बन्थ्यो । राजसंस्थाको विरोध गरे “राजद्रोह”को अभियोग लाग्थ्यो । पञ्चायतकालभर म्याग्दी जिल्लामा कथित ठूला पञ्चहरुको विपक्षमा टाउको उठाउनु ठूलै अपराध मानिन्थ्यो । गौचन-केसी गुटको विरोध गरे पञ्चहरुलाई समेत राजद्रोहको मुद्दा लाग्न सक्थ्यो, जागीर जान सक्थ्यो, घरखेत हुन सक्थ्यो, जेलमा सडनुपर्ने हुन पनि सक्थ्यो । उनीहरुको अत्याचार जङ्गली हात्तिको आतङ्कभन्दा कम पटक्कै थिएन । यतिबेला प्रसङ्गबस कसैले पुरानो कुरा अलिकता कोट्याइदियो भने “प्रमाण” माग्न लाज मान्दैनन् । उनीहरुले गरेका भ्रष्टाचार, अन्याय र अत्याचारका घटनाहरु गनीटिपी उतार गर्ने हो भने महाभारतभन्दा ठूलो ग्रन्थ तयार हुन्छ । त्यतिबेला सत्ताको मातमा गल्ती गरिएकै हो भनेर स्वीकार्नु त कता हो कता “जो चोर, उसैको ठूलो स्वर” गर्न कसरी सक्छन कुन्नी ?

हो, त्यतिबेलाको राज्यसत्ता अन्यायी थियो । जनतालाई यथार्थ बस्तुतथ्यको जानकारी गराउने होइन कि अन्धकारमा राखेर शासनसत्ता लम्ब्याउने प्रयत्न गरिन्थ्यो । समाज चेतनशील बन्यो, समय बदलियो, व्यवस्था परिवर्तन भयो । नयाँ व्यवस्था अपेक्षाकृत उदार थियो । त्यसैले उनीहरुका अपराध क्षम्य मानिए । माथि दरबारतिर देखाएर पञ्चहरुले गरेका सातै खुन माफ गरिए भन्दैमा उनीहरुले गरेका तमाम पापकर्महरु दुधले पखालिए भन्ने त होइन । अन्यायमा पर्नेहरुका मनभित्र पिडाका तुषहरु जीवितै छन् । हाम्रा धर्मशास्त्रहरुले कल्पना गरेजस्तो मरेपछि पापधर्मको छानबीन हुने रहेछ भने उनीहरुको लागि कुम्भिपाक रौरबादि नरकहरु सुरक्षित होलान भनेर आफ्नो मनचित्तलाई सान्त्वना दिएका मात्र हुन् । पिडितहरुले पुराना काला करतुतहरु कोटयाएर सार्वजनिक गर्न थाल्ने हो भने उनीहरुका अगाडि समाजमा मुख देखाउन लाज मान्नुपर्ने अवस्था उत्पन्न हुनसक्छ भन्ने कुरा कसरी बिर्सन्छन कुन्नी ?

हुनत राजनीतिले लाजशरम पचाउन जानेन भने अप्रसाङ्गिक र असफल हुन्छ भनिन्छ । सत्य र न्यायलाई पेरुङ्गाले छोपेर गोयबल्स सैलीमा झुटको खेतिमा लाग्नसक्नेहरुले मात्र सफलता पाउँछन् रे ! हो, त्यही शैली यतिबेला नेपालको दोश्रोठूलो दल नेकपा एमालेले अवलम्बन गरेको देखिन्छ । उसले गरेको जनताको अपमान राष्ट्रवाद, देशलाई विखण्डनतिर डोर्‍याउने दुष्कर्म पनि राष्ट्रहित ! त्यसविरुद्ध अरुले उठाउने आवाजहरु राष्ट्रघात रे ! राष्ट्रवादको आतङ्क मुलुकमा यसरी फैलाइएको छ कि सत्यकुरा बोल्न पनि जोख्नुपर्ने परिस्थिति निर्माण गरिएको छ । एकताका पञ्चहरुले आफुलाई राष्ट्रवादका मसिहा मान्थे । समयले त्यो दुष्कर्मलाई दुनियाँसामु लाटीको लाजझैं सर्वाङ्ग नाङ्गो बनाइदियो । राष्ट्रवादको नक्कली गाउन उत्रिँदाको दिन एमालेको सक्कली अनुहारपनि समाजसामु उदाङ्गिने छ । सत्यमाथि सदाकाल पर्दा हाल्न सम्भव हुदैन ।

का ज कि र या का तेह्रदिने कर्मकाण्ड पनि राजिनीतिले अवलम्बन गर्ने आतङ्कक कै पर्याय हो भन्दा फरक पर्दैन । नाङ्गै मुडुलै भएर १२/१३ दिन अलग बस्नु, छोइछिटो बार्नु एउटा तमासा हो । अर्थात “फलानो बितेछ” भनेर समाजलाई जानकारी गराउने तरिका मात्र हो । त्यसमा कुनै धार्मिक वा वैज्ञानिक तथ्य छैन । काजकिरीयाको मुख्य तत्व “पिण्डदान” हो । पिण्डदान गर्ने गराउने पुरोहित वा यजमानहरुलाई त्यसको वास्तविक मर्मको ज्ञान नहुन सक्छ । पिण्डदान भनेको मानिसको शरीर अन्नबाट बनेको हो भन्ने मान्यतामा आधारित सिद्धान्त हो । किरीयाको बेला दिइने पहिलो पिण्डले मासिनको (प्रेत)को टाउको बन्छ भनिएको छ ।

हरेक दिन पिण्ड दिदै जाँदा एघारौं दिनसम्म मृतकको दोश्रो शरीर तयार हुन्छ भनेर दशगार्तविधिमा लेखिएको छ । यस्तो कल्पना मानिसको जीविका पूर्णरुपमा अन्नमा आधारित हुन थालेपछिको हो । ब्रह्माले ज्ञानगुन र विद्या बुद्धि सम्पन्न १६ जना छोराहरु जन्माएपछि यो पृथ्वीमा मासिनको युग प्रारम्भ भएको हो भन्ने मान्यतामा आधारित छ त्यो कर्मकाण्ड । हिन्दू धर्मशास्त्रहरुले भनेजस्तो पुलस्त्य पुलहादिको पुस्ता जन्मनुभन्दा करोडौं वर्ष अगाडिदेखि नै यो धर्तीमा मान्छेको अस्तित्व थियो भन्ने कुरा प्रमाणित भैसकेको छ । ब्रह्मापुत्र ऋषिहरु लगभग पाँच हजारवर्ष पुराना मात्र हुन् । मान्छेको वंश त पाँच करोड वर्ष पहिलेदेख नै पृथ्वीमा उत्पत्ति भैसकेको थियो । कृषिकर्मको विकास हुनुपूर्व मानिस प्राकृतिक फलफुल, घाँसपात र मांस भक्षण गरेर बाँच्थ्यो । खाद्यबस्तुको रुपमा अन्नको पहिचान नहुदै पनि मान्छे जीवित थियो भन्ने कुराको ज्ञान नराख्ने युगमा प्रतिपादित सिद्धान्त हो -पिण्डदान !

वैज्ञानिक परीक्षणले अन्नबाट मानिसको जन्म हुन्छ भन्ने मान्यता पूरै खण्डित गरिदिइसकेको छ । पिण्डदान वास्तवमा अज्ञानतामा आधारित परम्परा मात्र हो । ओगोले पोल्छ भन्ने ज्ञान नभएको बच्चाले आगोको फिलुङ्गो नाङ्गा हातले समात्छ । एकपटक पोलेपछि दोहोर्‍याएर समात्ने गल्ती गर्दैन ।

आगो समात्न हुदैन भन्ने ज्ञान दिने उसको चेतनाले हो । अन्नबाट मान्छे बन्दैन भन्ने ज्ञान प्राप्त गरिसकेको मान्छेले “पिण्डदान” जस्तो फर्जी कर्मकाण्डलाई पछयाइरहनु अथवा पिण्डबाट मान्छेको शरीर बन्छ भन्ने झुठो फरेब र मान्यतामा विश्वास गर्नु भनेको एकपटक पोले पछि पनि आगो समात्न नछोड्ने अज्ञानी (सुस्तमनस्थिति) को बालकको चेष्टाजस्तै मुर्खता होइन भन्न मिल्दैन । सबै कर्मकाण्डहरु ब्राह्मण समुदायको जीविकाको उद्देश्यबाट निर्माण गरिएका हुन । बाहुनले आफ्नै जीविकाका लागि बनाएका कर्मकाण्डहरु आफैलाई गरुङ्गा लाग्न थालेका छन् । व्यक्तिगतरुपमा फाट्टफुट्ट तेह्रदिने काजकिरीया नगर्ने मात्र होइन, दिन घटाउने उद्देश्यबाट संस्था समेत गठन हुन थालेका छन् । त्यसैले बिसीको चेष्टा आज आलोचित भएको मात्र हो, कालान्तर समाजसुधारको अनुकरणीय उदाहरण मानिने छ भन्न हिच्किचाउनु पर्छजस्तो लाग्दैन ।

■

# छेपारेमा कृषक हितकोष स्थापना

■ नवविकल्प

म्याग्दीको भकिम्ली २ छेपारेका बासिन्दाले सामुहिक तरकारी खेती गरेर कृषक हितकोष स्थापना गरेका छन् । मिलीजुली कृषक समूहले एक लाख रूपैयाँको कृषक हितकोष स्थापना गरेका हुन् । समूहमा आबद्ध १६ जना कृषकहरूले मासिक रूपमा बचत संकलन र सामुहिक तरकारी खेती मार्फत भएको आम्दानीले कोष स्थापना गरिएको हो ।

कोष मार्फत विपन्न समुदायका कृषकहरूलाई मलबिउ खरिदका लागि सहुलियत ब्याजदरमा रकम उपलब्ध गराउने गरिएको समूहका सदस्य ईन्द्रबहादुर थापाले जानकारी दिनुभयो । कोषबाट हाल सात जनाले एक प्रतिशत ब्याजदरमा ऋण लगेका छन् ।

एक जनालाई एक पटकमा पाँच देखि दश हजार रूपैया सम्म ऋण उपलब्ध गराउने गरिएको छ । उनिहरूले मासिक रूपमा बस्ने बैठकमा प्रतिव्यक्ति पचास रूपैयाका दरले समूहमा बचत गर्छन् । सो समूह मार्फत छेपारेमा तिन रोपनी जग्गा भाडामा लिएर सामुहित तरकारी खेती समेत गरेका छन् ।

समूहको कोष वृद्धी, अनुभव आदानप्रदान र व्यवसायिक तरकारी खेतीतर्फ आकर्षित गराउन सामुहिक तरकारी खेती गरिएको समूहका सदस्य रूद्र श्रीसले बताउनुभयो । वार्षिक पाँच हजार रूपैया भाडा तिर्नेगरी जग्गा भाडामा लिएका हुन् ।

सो जग्गामा उनिहरूले बन्दा, काउली, गोलभेडा लगायत मौसमी तथा बेमौसमी तरकारी खेती गरेका छन् । समूहलाई जिल्ला कृषि विकास कार्यालयले पचास प्रतिशत अनुदानमा खनजोतमा प्रयोग हुने मिनीटिलर हलो उपलब्ध गराएको छ ।

# बिमबासी पूर्णसरसफाइ अभियानमा

■ नवविकल्प

म्याग्दीको बिमका बासिन्दाहरू पूर्ण सरसफाइ अभियानमा जुटेका छन् । खुला दिसामुक्त पश्चात पूर्ण सरसफाइका बिभिन्न चरणहरूलाई पुरा गरि गाविसलाई सरसफाइमा नमुना बनाउन स्थानीय क्रियाशिल भएका हुन् । यसैबिच पूर्णसरसफाइ उन्मुख बिम गाविसको सरसफाइ अवस्थाबारे अनुगमन गरिएको छ ।

जिल्ला विकास समिति, पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना र जिल्ला खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालयद्धारा गाविसको संयुक्त अनुगमन गरिएको हो । अनुगमनको क्रममा स्थानिय बासिहरूले घर तथा सार्वजनिक स्थलमा निर्माण गरेका पक्की शौचालय, धारो तथा आधुनिक चुलोको प्रयोग तथा सरसफाइमा आएको परिवर्तनबारे अनुगमन गरिएको थियो ।

अनुगमनको क्रममा गाविसलाई पूर्णसरसफाइ अभियानलाई सार्थकता बनाउन बिमबासीले सुधारिएको चुलो पनि निर्माण गर्ने अभियानलाई तिव्र पारेको पाईएको थियो । खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालय म्याग्दीका प्रमुख शेखरचन्द्र केसीले शुद्ध खानेपानी तथा सरसफाइ सम्बन्धि अभियानले तिब्रता पाएको भेटिएको बताउनुभयो ।

उहाँले गाविसलाई पूर्ण सरसफाइयुक्त बनाउनका लागि यस्ता अभियानलाई अझै निरन्तरता दिन आवश्यक रहेकोमा जोड दिनुभयो । स्थानीयबासी छक्रप्रसाद पाईजा मगरले सरसफाइ अभियानले पछिल्लो समय बिमबासीको व्यवहारमा परिवर्तन भएको अनुभव सुनाउनुभयो । उहाँले गाउँमा एकघर एक धारा अभाव रहेको भन्दै सरोकारवालाबाट यसतर्फ ध्यान पुग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

# शान्ति कोषमा दुई लाख थपियो

■ नवविकल्प



विपन्नको उपचारका लागि सघाउने उद्देश्यले म्याग्दीमा स्थापित ओमकुमारी शान्ति कोषलाई बुधबार दुई लाख रूपैया सहयोग प्राप्त भएको छ ।

दुई वर्षअघि स्थापित कोषमा ताकम घर भई हाल हङकङमा व्यवसाय गर्दै आउनुभएका म्याग्दी प्रवासी नेपाली संघ (मोना)का संस्थापक अध्यक्ष प्रकाश पुनले दुई लाख रूपैया सहयोग गर्नुभएको हो ।

उहाँलाई कोषको विधान अनुसार संरक्षक घोषणा गरि स्वागत एवं सम्मान गरिएको छ । कोषमा हालसम्म पुन सहित १३ जना व्यक्ति, एक संस्थाले संरक्षक र तिन सय जना भन्दा बढीले आजिवन सदस्यता लिएका छन् ।

संरक्षकका लागि दुई लाख, संस्थागत संरक्षकका लागि तिन लाख र आजिवन सदस्य बन्न पाँच हजार ५५५ रूपैयाँ भन्दा बढी सहयोग गर्नुपर्ने व्यवस्था छ । २६ जना जटिल रोगका विपन्न बिरामीहरूको उपचारका लागि सहयोग जुटाउन अभियान चलाएको कोषमा हाल ४७ लाख रूपैया जम्मा भएको छ ।

बोनम्यारो रोगका कारण दिवंगत भएकी बेनपा १३ की ओमकुमारी पुन (शान्ति)को स्मृतीमा स्थापित कोष स्थापना गरिएको थियो । पुनको निधन भएपछि उनको उपचारका लागि देश, बिदेशमा रहेका म्याग्देलीहरूले जुटाएको खर्च हुँन बाँकी १३ लाख रूपैयाबाट कोषको सूरूवात गरिएको थियो ।

एक करोड पचास लाख रूपैयाँको बनाउने लक्ष्य राखिएको कोषले भुकम्प र बाढी पहिरो पिडितहरूलाई पनि राहत सहयोग गरेको छ । सो कार्यक्रममा अस्ट्रेलीयाबाट आएका संस्थाका आजिवन सदस्य हरि कार्की, हरि गिरी र ईन्द्र रानालाई समेत स्वागत एवं सम्मान गरिएको थियो ।

कोषले बेनपा १ की अरूनीमा नेपालीको उपचारका लागि सहयोग जुटाउन सञ्चालन गरेको अभियानमा जापानमा रहेका बेनीका गणेश बानियाले आमा कृष्णकुमारी मार्फत आठ हजार ५९८ रूपैया सहयोग उपलब्ध गराउनुभएको थियो ।

कोषका अध्यक्ष राजेश शाक्यको अध्यक्षता, उपाध्यक्ष हरिकृष्ण गौतमको स्वागत र सहसचिव विनय श्रेष्ठको सञ्चालनमा सम्पन्न कार्यक्रममा संस्थापक अध्यक्ष चन्द्रकुमार केसीले संस्थाको बारेमा प्रकाश पार्नुभएको थियो । कोषमा संकलन भएको रकम खर्च नगरीने र त्यसको ब्याजबाट आर्थिक अभावका कारण उपचार पाउन नसकेका म्याग्देलीलाई सहयोग गरिने अध्यक्ष राजेश शाक्यले बताउनुभयो ।

# एक्साभेटरमा किन भयो आगोलागी

■ नवविकल्प

म्याग्दीमा गत आइतबार राती पार्कीङ गरेर राखेको दुई वटा एक्साभेटर डोजरमा आगोलागी र तिन वटा ट्याक्सी तोडफोड भएको छ । बेनी-गलेश्वर सडकको रातोपहिरोमा पार्कीङ गरेर राखेको पोखरा कन्ट्रक्सन प्रा.लीको बा १ क २७५६ र एसीएस एभरेष्ट कन्ट्रक्सनको बा १ क ६५२३ नम्बरको एक्साभेटरमा आगोलागी भएको हो ।

डोजरमा आगोलागी हुँदा एक करोड पचास लाख रूपैयाँ बराबरको क्षत्ती भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक लोकेन्द्र सिङ गुरूले जानकारी दिनुभयो । संगै पार्कीङ गरेर राखिएका दुई वटै एक्साभेटर बेनी-गलेश्वर सडक आयोजनामा प्रयोग हुँदै आएका थिए ।

आगोलागीको कारण पत्ता लाग्न नसकेको र अनुसन्धान भैरहेको प्रहरि निरिक्षक गुरूले बताउनुभयो । यसैगरी बेनीको दरवाङ बसपार्कमा रोकी राखेको तिन वटा ट्याक्सी तोडफोड गर्ने दुई युवालाई प्रहरीले सोमबार बिहान पक्राउ गरेको छ ।

उनिहरूलाई सिसिटिभी क्यामेराले कैद गरेको दृष्यको आधारमा पक्राउ गरेर अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरी निरिक्षक गुरूले बताउनुभयो । ट्याक्सीको सिसा फुटाएका बेनपा ११ पुलाचौरका २१ बर्षिय बिशाल कार्की र बेनपा ६ का २४ वर्षिय गुनबहादुर पुन परेका प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उनिहरूले आईतबार राती ध १ ज ३४५, ध १ ज २४२ र ध १ ज ४१८ नम्बरको ट्याक्सीको सिसा फुटाएर तोडफोड गरेका थिए ।

# छैठौ बेनी बोर्डिङ कप माघमा

■ नवविकल्प

आगामी माघमा छैठौं बेनी बोर्डिङ कप अन्तर विद्यालय फुटबल प्रतियोगिता सञ्चालन हुने भएको छ । बेनी आवासिय माविको जुनियर रेडक्रस सर्कलको आयोजनामा माघ १४ गतेबाट बेनीको खुल्ला मञ्चमा सञ्चालन हुने प्रतियोगितामा कक्षा ८ सम्म अध्ययनगर्ने विद्यार्थीहरूको सहभागिता रहने जनाइएको छ ।

प्रतियोगिताको बिजेताले रनिङ शिल्ड, मेडल र प्रमाणपत्र सहित नगद पन्ध्र हजार तथा दितृय हुनेले ट्रफी, मेडल र प्रमाणपत्र सहित नगद नौ हजार रूपैया पुरस्कार पाउने जुरेसका शिक्षक नायक बिनोद घर्तीले जानकारी दिनुभयो । उत्कृष्ट खेलाडी, गोलरक्षक, सर्वाधिक गोलकर्ता, मिडफिल्डर, डिफेन्डर र अनुसाषित टिमलाई पनि ट्रफी र प्रमाणपत्रको व्यवस्था गरिएको शिक्षक नायक घर्तीले जानकारी दिनुभयो ।

# दाना र दरवाङलाई साक्षर घोषणा

■ नवविकल्प

म्याग्दीको दरवाङ र पर्यटकीय दानालाई साक्षर गाविस घोषणा गरिएको छ । गाउँ शिक्षा समितिले बुधबार दाना स्थित ज्ञानप्रकाश माविमा आयोजना गरेको समारोहमा साक्षर घोषणा गरिएको हो । दानामा बसोबास गर्ने १५ देखि ५९ वर्ष उमेर समूहका दुई हजार ११४ जनसंख्या मध्य ९७.८६ प्रतिशतले अंक, अक्षर लेखपढ गर्न सक्ने भएपछि साक्षर घोषणा गरिएको ज्ञानप्रकाश माविका प्रअ रामप्रसाद पौडेलले बताउनुभयो ।

लक्षित उमेर समुहका ९५ प्रतिशतले अंक अक्षर लेखपढ गर्न सक्ने भएपछि साक्षर गाविस, वडा र जिल्ला घोषणा गर्न सकिने शिक्षा मन्त्रालयको मापदण्ड छ । संसारकै गहिरो अन्धगल्छी, सुन्दर रूप्से झरना अवस्थित पर्यटकीय हिमाली जिल्ला मुस्ताङसंग जोडिएको नेपालकै पहिलो पूर्णसरसफाइयुक्त दानालाई साक्षर घोषणा गरिएपछि परिचय थपिएको गाविस सचिव लिलाबहादुर चोखालले बताउनुभयो ।

साक्षर घोषणा कार्यक्रममा जिशिअ रामकुमार श्रेष्ठ, सहायक प्रमुख जिल्ला अधिकारी शोभाकर पोख्रेल, जिविसका सामाजिक विकास अधिकृत हरिकृष्ण आचार्य, विद्यालय निरिक्षक दलबहादुर थापा, नेकपा एमालेका उपाध्यक्ष देवेन्द्र केसी लगायतको उपस्थिती रहेको थियो ।

यसैगरी शुक्रबार जनप्रिय माविको ६५ औ वार्षिक उत्सवको अवसरमा दरवाङलाई समेत साक्षर गाविस घोषणा गरिएको छ । दरवाङमा बसोबास गर्ने १५ देखि ५९ वर्ष उमेरका दुई हजार २८८ जनासंख्या मध्य ९६.९८ प्रतिशतले अंक अक्षर लेखपढ गर्न सक्ने भएपछि साक्षर घोषणा गरिएको गाउँ शिक्षा समितिले जनाएको छ ।

जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत विश्वप्रकाश रेग्मीको प्रमुख आतिथ्यता, जनप्रिय मावि व्यवस्थापन समितिका अध्यक्ष शिवनारायण फगामीको अध्यक्षता, शिक्षक बालकृष्ण शर्माको सञ्चालन र प्रअ दिवाकर सुवेदीले स्वागत सहित शैक्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

दाना र दरवाङ सहित म्याग्दीमा साक्षर गाविसको संख्या एघार पुगेको छ । बरंजा, मराङ, पाल्लेखेत, कुहुँ घार, बिम, नारच्याङ, राम्चे र हिस्तानलाई यसअघिनै साक्षर घोषणा गरिएको थियो । एक नगरपालीका र ३५ गाविस रहेको म्याग्दीलाई चालु आर्थिक वर्षभित्रनै साक्षर घोषणा गर्ने जिल्ला शिक्षा कार्यालयको योजना छ ।


# सगुन स्टेशनरी स्टोर्स

विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर बिक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४


नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय

## जिल्ला कृषि विकास कार्यालय

म्याग्दी, बेनी

प.सं. मितिः- २०७३/०९/१२
च.नं.

## सूचना । सूचना ॥ सूचना ॥।

प्रस्तुत विषयमा आ.व. २०७३/०७४ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तपसिलका पूर्वाधार भएको क्षेत्रहरुमा मकैबाली र तरकारीबालीको ब्लक कार्यक्रम सञ्चालन गरिने भएकोले इच्छुक कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी संस्थाहरुले मिति २०७३/१०/०५ गतेसम्म आवश्यक कागजातहरु संलग्न राखी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक पूर्वाधारहरु**

१. सडकको पहुँच भएको वा हुन सक्ने। २. सिंचाई सुविधा भएको वा हुन सक्ने।
३. विद्युतको सुविधा भएको वा हुन सक्ने।
४. तोकिएको क्षेत्र चक्लाबन्दी भएको वा एउटै करिडोरमा रहेको।

**मकै ब्लक क्षेत्रः-** अर्मन, वरंजा, भकिम्ली र (बेनी न.पा.क्षेत्रको रत्नेचौर, ज्यामरुककोट)
**तरकारी ब्लक क्षेत्र :-** बेनी नगरपालिका।

**ब्लक क्षेत्रभित्र गरिने क्रियाकलाप**

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | परिमाण | बजेट रु. |
|---|---|---|---|
| १. | व्यवसायिक कृषि तथा सीपविकास तालिम केन्द्र स्थापना | १ | ५००,०००.- |
| २. | पोस्ट हार्भेस्ट सेन्टर स्थापना | २ | ३५००,०००.- |
| ३. | कस्टम हायरिंग सेन्टर स्थापना | २ | ४५००,०००.- |
| ४. | ग्रीन हाउस सेड वा पोलीहाउस सेड स्थापना | २ | ६००,०००.- |
| ५. | साना सिंचाई निर्माण | २ | ६१७,०००.- |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. गठित समितिको निर्णय/सिफारिस
२. कृषि सेवा केन्द्रको सिफारिस।
३. जग्गाको लालपुर्जाको फोटोकपी/लीजमा भए सम्झौतापत्र/सार्वजनिक जग्गा भए गा.वि.स./न.पा.को सिफारिस।

ब्लकमा निर्माण हुने पूर्वाधार तथा ब्लक सञ्चालनका लागि जि.कृ.वि.का. तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने।

थप जानकारीको लागि : जिल्ला कृषि विकास कार्यालयको टेलिफोन नं. ०६९(५२०१३० वा ९८४६१०४१४४ वा जिल्ला कृषि विकास कार्यालय तथा कृषि सेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ।

# घलेम्दीको तेस्रो साधारणसभा सम्पन्न

■ नवविकल्प

म्याग्दीका सरोकारवालाहरुले भ्रष्टाचारमुखी नितीगत व्यवस्था र समुदाय स्तरमा हुने अवरोधका कारण जलविद्युतको विकास हुन नसकेको बताएका छन् । घलेम्दी हाईड्रो लिमीटेडको शुक्रबार बेनीमा भएको तेस्रो वार्षिक साधारणसभाको उद्घाटन कार्यक्रममा वक्ताहरुले राज्यका निकायको भ्रष्टाचारजनित नीति, कर्मचारीको ढिलासुस्ती र विभिन्न बाहनामा समुदाय स्तरमा हुने अवरोध जलविद्युत विकासको चुनौती रहेको बताएका हुन् ।



उनीहरुले कागजको पानामा सिमित म्याग्दीको जलविद्युत सम्भावनालाई व्यवहारमा उतार्न लगानी गर्ने अनुकुल वातावरण, सुरक्षाको प्रत्याभुती, सहज नितीगत व्यवस्था र पुर्वाधार निर्माणमा जोड दिएका छन् । म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिबनबहादुर विश्वकर्माले पछिल्लो समय स्थानीय बासिन्दाको नाममा लगानीकर्ताहरुलाई निरुत्साहीत र हतोत्साहीत बनाउने काम भैरहेको बताउदै लगानी भित्र्याउन सबैले सहयोगी व्यवहार देखाउन आग्रह गर्नुभयो ।

घलेम्दी हाईड्रो लिमिटेडका सञ्चालक प्रमोद श्रेष्ठले सरकारी निकायको ढिलासुस्ती र प्रक्रियामुखी नियमका कारण जलविद्युतको क्षेत्रमा काम गर्न दुख भएको गुनासो गर्नुभयो । घलेम्दीको सरकारी जग्गा भोगचलन, वित्तिय स्रोत जुटाउने क्रममा सञ्चालकले भोगेका समस्या र दरवाङ म्याग्दीखोला जलविद्युत आयोजना स्थानीयलेनै बनाउनुपर्छ भन्ने सरोकार समितिको मागले लगानीकर्ता माझ नकारात्मक सन्देश गएको वक्ताहरुको भनाई थियो ।

साधारणसभामा कम्पनीका अध्यक्ष किशोर सुवेदीले प्रतिवेदन प्रस्तुत गर्दै पाँच मेघावाट क्षमताको घलेम्दीखोला जलविद्युत आयोजनाको आधा भन्दा बढी काम सकिएको जानकारी दिनुभयो । प्रहरी नायब उपरिक्षक विश्वराज खड्का, नारच्याङ गाविसका सचिव दिर्घप्रसाद गौतम, पत्रकार घनश्याम खड्का र लगानीकर्ता भुनु तिलीजालेले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

आगामी वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएको नारच्याङमा निर्माणाधिन आयोजनाको सुरुङ निर्माणको काम करिब चार सय मिटर बाँकी छ । एक हजार ७८५ मिटर लामो नहर रहने आयोजनाको विद्युतगृह, ईन्टेक, पेनस्टकको काम भैरहेको छ ।

वि.स २०७१ देखि पुर्वाधार निर्माण सुरू भएको घलेम्दी म्याग्दीमा निजी क्षेत्रले निर्माण सुरु गरेको पहिलो आयोजना हो । ८५ करोड रुपैया लागत अनुमान गरिएको आयोजनामा संस्थापक सेयर सदस्यहरुको तिस करोड रुपैया लगानी रहेको छ । भिबोर सोसाईटी विकास, टुरीजम डेभलपमेन्ट, सिद्धार्थ डेभलपमेन्ट बैङ्क र सिद्धार्थ डेभलपमेन्ट फन्डले यो आयोजनामा ५५ करोड रुपैयाँ लगानी गरेका छन् ।

# मेटल उद्योग स्थापना

■ नवविकल्प

बेनीको कालीपुलमा तिस लाख रुपैयाँ भन्दा बढीको लगानीमा मेटल उद्योग स्थापना भएको छ । व्यवसायी सुरेन्द्रराज शर्माले संगम मेटल उद्योग स्थापना गर्नुभएको हो । फलामका विभिन्न सामाग्री निर्माण तथा उत्पादन हुने उद्योग स्थापना गर्न तिस लाख रुपैया लगानी भएको सञ्चालक शर्माले बताउनुभयो ।



उद्योगबाट फलामको कुर्चि, टेबुल, सटर, रेलीङ, ट्रस लगायतका सामाग्री उत्पादन गरिने शर्माले जानकारी दिनुभयो । यसअघि यस्ता सामाग्रीहरू पोखरा, बिरगञ्ज, भैरहवामा तयार पारेर म्याग्दी ल्याउने गरिएको थियो । बेनीमै मेटल उद्योग खुलेपछि जिल्लाबासीलाई सहज हुने अपेक्षा गरिएको छ । उद्योगमा १२ जनाले रोजगारी पाएका छन् ।

# दरवाङका सबै घरधुरी सहकारीमा आवद्ध

■ नवविकल्प

म्याग्दीको दरवाङलाई सबै घरधुरी सहकारीमा आवद्ध भएको गाविस घोषणा गरिएको छ । न्यु दरवाङ महिला बचत तथा ऋण सहकारी संस्थाको चौथो साधारणसभाको अवसरमा शनिवार सबै घरधुरी सहकारीमा आवद्ध भएको गाविस घोषणा गरिएको हो । स्थानीय विकास अधिकारी प्रेमराज गिरीको प्रमुख आतिथ्यतामा सञ्चालकहरूले सहकारीको सिद्धान्त कार्यान्वयन गर्ने प्रतिवद्धता जनाउँदै घोषणा गरेका छन् ।



७८६ जनाको २३ लाख आठ हजार नौ सय रुपैयाँ सेयर रकम रहेको सहकारीमा गत आर्थिक वर्षमा ७८ लाख १८ हजार ३०८ रुपैयाको कारोबार भएको घोषणा सभामा जानकारी गराइएको थियो । यसैगरी ३३ लाख ६२ हजार ७५५ रुपैया लगानी, २४ लाख ३६ हजार ५८३ हजार रुपैया बचत रहेको सहकारीले १० लाख छ हजार ७४० रुपैयाँ आम्दानी गरेको छ ।

सहकारी अन्तरगतका २८ वटा समूह मार्फत सामाहिक जमानीको आधारमा एक पटकमा पचास हजार रुपैया सम्म लगानी गर्ने सहकारीमा प्रत्येक सदस्यले मासिक न्युनतम दुई सय रुपैयाका दरले बचत गर्छन् । सहकारीमा आवद्ध भएपछि बचत गर्ने बानीको विकास भएको र पैसा आवश्यक पर्दा अरूको मुख ताक्नुपर्ने समस्या हटेको तथा आयआर्जनमा सघाउ पुगेको अध्यक्ष याममती रोकाले बताउनुभयो ।

लक्ष्मी सापकोटाले सञ्चालन गर्नुभएको घोषणा कार्यक्रममा सचिव ममसरा कार्कीले प्रगति, कोषाध्यक्ष गौमती चपाईले आर्थिक र लेखा समिति संयोजक हरिमाया बिकले लेखा प्रतीवेदन प्रस्तुत गर्नुभएको थियो । साधारणसभाको अवसरमा सहकारीले विपन्न बालबालीकालाई पोशाक र उत्कृष्ट सेयर सदस्यहरूलाई सम्मान गरिएको थियो ।

यसैगरी शनिबार रातीनै सम्पन्न सहकारीको दोस्रो अधिवेशनबाट पून याममती रोकाकै अध्यक्षतामा सञ्चालक समिति निर्वाचित गरेको छ । समितिको उपाध्यक्षमा सुनमाया गुरूङ, सचिवमा ममसरा कार्की, कोषाध्यक्ष गौमती चापागाई, सदस्यहरूमा लक्ष्मी सापकोटा, चन्द्रमाया गुरूङ, कृष्ण तुलाचन, तिलकुमारी पुर्जा, नरदेवी रोका, दुलदेवी गुरूङ र मिना फगामी रहनुभएको छ । हरिमाया बिकको संयोजकत्वमा ईन्द्र तुलाचन र सदस्य भिमकुमारी बुढा सदस्य रहनुभएको लेखा तथा सुपरिवेक्षण समिति चयन भएको छ ।

# मकै र तरकारीको ब्लक आयोजना सुरु

■ नवविकल्प

बेनी नगरपालीका र तिन वटा गाविसमा व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) आयोजना सुरू भएको छ ।



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत तरकारी र मकै खेतीको ब्लक आयोजना सुरू भएको हो । बेनी नगरपालीका क्षेत्रमा तरकारी खेती र नगरपालीका सहित भकिम्ली, बरंजा र अर्मन गाविसमा मकै खेतीको आयोजना लागू भएको कृषि विकास कार्यालयले जनाएको छ ।

कृषिमा आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण गरि लागत घटाउने, उत्पादन बढाउने र आयात प्रतिस्थापन गर्ने लक्ष्य सहित आयोजना लागू भएको कार्यालयका बालि संरक्षण अधिकृत हरिहर शर्माले बताउनुभयो ।

ब्लक आयोजनाले एकसय हेक्टर क्षेत्रफललाई समेटेको छ । आयोजना कार्यान्वयनका लागि प्रभावित क्षेत्रका अगुवा कृषक, कृषक समूह र कृषि सहकारी संस्थाका प्रतिनिधिहरूको भेला मार्फत सञ्चालक समिति गठन भइसकेको छ । बरंजा २ परेखरमा मंगलबार सम्पन्न आयोजना प्रभावित क्षेत्रका कृषकहरूले भेलाबाट नरबहादुर थापाको अध्यक्षतामो मिलीजुली मकैबाली ब्लक आयोजना सञ्चालक समिति गठन भएको छ ।

समितिको उपाध्यक्षमा हिराबहादुर थापा, सचिवमा नगेन्द्र सापकोटा, कोषाध्यक्षमा पूर्णमाया जिसी र सदस्यहरूमा रेशम बुढाथोकी, चन्द्रा पुन, प्रेम खत्री, विन्दु मल्ल तथा पदेन सदस्यमा कृषि सेवा केन्द्र बाबियाचौरका प्राविधिक सहायक निरञ्जन तिवारी रहनुभएको छ । यसैगरी बेनीमा बुधबार भएको नगरपालिका क्षेत्रका अगुवा कृषकहरूको भेलाले मुक्तीबहादुर खड्काको अध्यक्षतामा धौलागिरी तरकारी खेती ब्लक आयोजना सञ्चालक समिति गठन गरेको छ ।

समितिको उपाध्यक्षमा अमृतादेवी बानिया, सचिवमा शोबित शर्मा र कोषाध्यक्षमा मिना क्षेत्री रहनुभएको छ । समितिको सदस्यहरूमा निरबहादुर थापा, भिमबहादुर बानिया, सरस्वती सुवेदी र कृष्णबहादुर बानिया चयन हुनुभएको छ ।

परेखरमा भएको अभिमुखीकरण कार्यक्रममा प्रमुख अतिथि स्थानीय विकास अधिकारी प्रेमराज गिरीले कृषकलाई व्यवसायीक बनाउन र उत्पादन बृद्धी गर्न आयोजनाले सघाउ पुग्ने भएकाले प्रभावकारी कार्यान्वयनमा जुट्न कृषकहरूलाई आग्रह गर्नुभयो ।

बेनीमा भएको कार्यक्रममा क्षेत्रीय कृषि निर्देशक सरोजचन्द्र श्रेष्ठले परियोजनाले कृषिलाई व्यवसायिककरण गर्दै प्रविधिको विस्तार गर्ने मौलिक कार्यक्रम भएकाले यसबाट फाइदा लिन कृषकहरूलाई आग्रह गर्नुभयो । कार्यक्रमको वरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजाल, बागवानी विकास अधिकृत भोजबहादुर थापा र बाली संरक्षण अधिकृत हरिहर शर्माले सहजिकरण गर्नुभएको थियो ।

ब्लक आयोजना सञ्चालक समिति मार्फत उपकरण खरिद, प्राविधिक सहयोग, पुर्वाधार निर्माण र बजारीकरणमा सघाउ पुग्ने त्रियाकलापहरू सञ्चालन हुने कार्यालयले जनाएको छ । साना सिचाई, औजार, तरकारी र मकै भण्डारण भवनका साथै संकलन केन्द्र निर्माण गर्ने कार्यक्रम रहेको छ ।

यस वर्ष भवन, औजार खरिद र साना सिंचाई लगायतका पुर्वाधार निर्माणका लागि एक करोड २८ लाख रूपैया बजेट प्राप्त भएको कृषी कार्यालयले जनाएको छ । आयोजना लागू भएपछि कृषकहरू उत्साहीत भएका छन् । व्यवसायीक बन्न प्रोत्साहन मिल्नुका साथै उत्पादन र गुणस्तर बृद्धीसँगै आयआर्जन बढाउन आयोजनाले सघाउ पुग्ने अपेक्षा गरिएको भकिम्लीकी कृषक पूर्णकली जिसीले बताउनुभयो ।

घरायसी उपभोग र गाईबस्तुलाई दाना खुवाउन मकै खेती गर्दै आएका कृषकहरूले व्यवसायीक खेती मार्फत घोगा तथा बिउ बिक्री गरेर आम्दानी गर्न सक्ने सम्भावना रहेको बताउनुभयो । सुरक्षित भण्डारण गरेर मकैको बिउ बिक्री गर्दा आम्दानी लिन सकिने उहाँको विश्वास छ ।

# मिलन महिला सहकारीको अध्यक्षमा शर्मा

■ नवविकल्प

म्याग्दीको भगवतीमा रहेको मिलन महिला बचत तथा ऋण सहकारी संस्था लि.को आइतबार सम्पन्न चौथो साधारणसभा तथा दोस्रो अधिवेशनबाट पुनर माया शर्मा अधिकारीको अध्यक्षतामा सञ्चालक समिति चयन भएको छ ।

एककुमारी केसी (ध्रुव) उपाध्यक्ष, गिता बरूवाल क्षेत्री सचिव, शुशिला कटुवाल क्षेत्री कोषाध्यक्ष र शुष्मा हमाल सहसचिव रहनुभएको समितिको सदस्यहरूमा बिस्सु केसी, मनिषा केसी, चन्द्रकुमारी बिक, विष्णु भण्डारी, हिरा भण्डारी र देवी केसी रहनुभएको छ । संस्थाकी अध्यक्ष माया शर्माको अध्यक्षता, सचिव गिता बरूवाल क्षेत्रीको सञ्चालन, सामाजिक अगुवा देवेन्द्रबहादुर मल्लको प्रमुख आतिथ्यता, लेखा तथा सुपरिवेक्षण समितिकी कान्छिकुमारी केसीको स्वागतमा सम्पन्न कार्यक्रममा उमादेवी केसी र तोरणबहादुर श्रेष्ठले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

४७८ जना सेयर सदस्य रहेको र असी लाख ६८ हजार रूपैयाँ कारोबार गरेको संस्थाको अधिवेशनको अवसरमा उत्कृष्ट बाल बचतकर्ता, नियमित बचतकर्ता, उत्कृष्ट सेयर सदस्य र असल ऋणीहरूलाई सम्मान गरिएको थियो ।

# खबराका कृषकको समस्या

■ नवविकल्प

स्थानीय जातका दुई वटा भैसी पालेका बेनी नगरपालिका ४ खबराका नरबहादुर कुँवर ३ वर्षदेखि दूध बिक्री गरेर जिविकोपार्जन गर्दै आउनुभएको छ ।

दूध बिक्री गर्न एक घण्टा पैदल हिडेर जिल्ला सदरमुकाम बेनी आउने कुँवरलाई घर फर्कन त्यो भन्दा बढी समय लाग्छ । दैनिक दश लिटर दूध बिक्री गर्ने कुँवरलाई जस्तै समस्या छ दुई वटा भैसी पालेका सोही स्थानका जगतबहादुर जिसीलाई पनि ।

"तिन लिटर दूध बेच्न आफैंले बोकेर बेनीका ग्राहकको घरमै पुऱ्याउँछु" जिसीले भन्नुभयो "दूध बिक्री गर्न दैनिक दुई देखि तिन घण्टा समय लाग्छ ।" गाउँमा सडकको सुविधा भएपनि संकलन केन्द्र र ढुवानीको साधन नहुँदा खबराका कृषकलाई दूध बिक्री गर्न समस्या भएको हो ।

सानो र ठूलो खबरा, पिपलडाँडा लगायतका बस्तीका कृषकहरू थोरै परिमाणको दूध बिक्री गर्नका लागि समेत दैनिकजसो बेनी पुग्न बाध्य भएका छन् । स्थानीय राधाकृष्ण कृषि सहकारी संस्थाका सदस्य कृष्णबहादुर सुवेदीका अनुसार खबरा क्षेत्रमा करिब असी घरधुरीले दूध बिक्री गर्छन् ।

गाईभैसीको स्याहार सुधारमा भन्दा दूध बजार पुऱ्याउन धेरै समय खर्चनुपर्ने बाध्यताका कारण खबरामा दूध उत्पादन व्यवसायीक बन्न नसकेको सुवेदीले बताउनुभयो । गाउँमा सडक पुगेपनि यातायातका साधन नियमित चल्दैनन् । ढुवानी गर्ने साधन नभएपछि सहकारीले सञ्चालन गरेको दूग्ध संकलन केन्द्र समेत दुई वर्षअघि बन्द भएको छ ।

केन्द्रमा पिपलडाँडा, आम्बोट, खान्दुल, डारीम्बोट, गैराटोल र मरूवाका चालीस जना कृषकले उत्पादन गर्ने दैनिक १२० लिटर दूध संकलन गरेर भरिया मार्फत बेनीका डेरीमा निकासी गरिदै आएको थियो । दूध ढुवानी गर्ने व्यक्ति र साधन नपाएपछि केन्द्र बन्द भएको संस्थाले जनाएको छ ।

वि.स २०६६ देखि पाँच वर्ष सञ्चालन भएको दूग्ध संकलन केन्द्र बन्द भएपछि कृषकलाई समस्या परेको छ । खबरामा पशुपालन मार्फत दूध उत्पादनको राम्रो सम्भावना भएपनि व्यवसायीक सिप, आहराका लागि घाँस, जनशक्ति, कृषक र सरकारी निकायबीच समन्वयको कमीले व्यवसायीक बन्न नसकेको बताइएको छ ।

## सुन्तलामा .....

सदुपयोगसंगै आम्दानी पनि राम्रै भएको छ" खत्रीले भन्नुभयो "सुन्तलालाई अन्नजस्तो बाह्रै महिना स्याहार, सुसार र रेखदेख गर्न परेन, दुई महिना ध्यान दिए पुग्छ ।"

१८ घरधुरीको बसोबास रहेको मरेक गाउँबाट यस वर्ष पन्ध्र लाख रूपैयाँ बराबरको सुन्तला निकासी हुने अनुमान गरिएको छ । गाउँभरी रहेका दश हजार मध्य पाँच हजारमा फल लागेको छन् । भकिम्लीको छिमेकी बरंजा गाविसको ३, ४ र ८ नम्बर वडाबाट हालै तेह्र हजार ४५६ केजी सुन्तला पोखराको बजारमा निकासी भयो । ब्यापारी गाउँमै आएर सुन्तला खरिद गरेर लगेका बरंजा ४ का अगुवा कृषक कृष्णलाल सापकोटाले जानकारी दिनुभयो । सुन्तला बिक्रीबाट गाउँमा साढे पाँच लाख रूपैयाँ भित्रीएको सापकोटाले जानकारी दिनुभयो । बरंजा ४ दहमा ११ घरपरिवार कृषकले ब्यवसायिक सुन्तला खेती गरेका छन् । सुन्तला बिक्री गरेर एक जना कृषकले बाह्र हजार आठ सय देखि एक लाख ३५ हजार रूपैयाँ सम्म आम्दानी गरेका छन् । "युवा जती बिदेश गएका छन्, काम गर्ने मजदुर पाईदैन" बरंजाका मोहनलाल कडेलले भन्नुभयो "थोरै श्रम, सजिलो र छिटो आम्दानी गर्न सकिने भएकाले अन्नबाली छोडेर सुन्तला खेती गरेको हुँ ।" रसीलो र स्वादीला सुन्तला फलायका कृषकहरूको मन पनि फुरूङ्ग बनेको छ ।

गाउँ गाउँमा सडक विस्तार भएसंगै सुन्तलाले बजार पाउन थालेको हो । दशक अघिसम्म म्याग्दीका सुन्तला स्थानीय बजारमै सिमित थियो । माघसम्म बोटमै राख्दा समेत सून्तलाले उचित मूल्य पाउने थिएन् । अहिले पोखरा, काठमाडौं, चितवन लगायतका जिल्लामा निकासी हुने गरेको छ । ब्यापारी सुन्तला खोज्दै पैसाको बिटो बोकेर कृषकको घरदैलोमै आईपुग्छन् ।

आफै टिपेर लैजान्छन् । भनेजती मूल्यमा बगैचाबाटै सुन्तला बिक्री भएपछि कृषक उत्साहीत भएका हुन् । म्याग्दीको सुन्तला अन्य ठाउँको भन्दा स्वादीलो, रसिलो र गुणस्तरीय भएकाले बजारमा माग बढेको ब्यापारीहरू बताउँछन् । आकर्षक दाना, रसिलो र गुलीयो स्वादका कारण ब्यापारी र उपभोक्ताले म्याग्दीको सुन्तला रूचाएका हुन ।

पोखरामा पुऱ्याउँदा प्रतिकेजी सुन्तला ६५ र काठमाडौमा प्रतिकेजी ७५ रूपैयाँका दरले मूल्य पाईने भकिम्ली राखुका ब्यापारी खिम पुनले बताउनुभयो । उहाँका अनुसार राखुबाट यस वर्ष पन्ध्र लाख रूपैयाँको तिस मेट्रिक्टन सुन्तला निकासी भएको छ । बास्कुना, राखु, मरेक, बरंजा, झोर्लेनी, बिम, रून्मा, ओखरबोट, ताकम र हिस्तानमा उत्पादीत सुन्तला जिल्ला बाहिर निकासी भएको छ ।

पर्यटकीय क्षेत्र घार, नारच्याङ, दाना र भुरूङ तातोपानीका कृषकले बढी मूल्य पार्न ढिलागरी टिप्ने र रस्टीक स्टोरमा भण्डारण गरेर सुन्तला बेच्ने गरेका छन् । गत वर्ष दुई हजार ८४ मेट्रिक्टन सुन्तला उत्पादन भएको म्याग्दीबाट छ करोड ७२ लाख रूपैयाँ बराबरको एक हजार ५०१ मेट्रिक्टन सुन्तला निकासी भएको थियो । यसपाली गत वर्षको तुलनामा सात प्रतिशत बढी दुई हजार ४७३ मेट्रिक्टन सुन्तला उत्पादन हुने अनुमान गरिएको बरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताउनुभयो ।

अनुकुल मौसम, बगैचा सुदृढीकरण, क्षेत्रफल विस्तारका कारण सुन्तला उत्पादन बढेको हो । ६८५ हेक्टर जमिनमा सुन्तला खेती भएको म्याग्दीमा हाल २८५ हेक्टर क्षेत्रफलमा रहेका बोटले फल दिने गरेका छन् । म्याग्दीको देविस्थान, ताकम, बिम, बरंजा, भकिम्ली, कुहुं, सिंगा, घतान, पिप्ले, भगवती, पात्लेखेत, बेग, दोवा, हिस्तान, भुरूङ तातोपानी, नारच्याङ, घार, दाना र ओखरबोट सुन्तला खेतीको लागि पकेट क्षेत्र हुन् ।

जिल्लाभर ब्यवसायिक सुन्तला खेती गर्ने कृषकको संख्या दुई सय जना भन्दा बढी छ । सुन्तला खेतीका लागि सिँचाइको आवश्यकता रहेको कृषकहरूको भनाई छ । यसैगरी बोट सुक्ने र दाना झर्ने समस्या पनि सुन्तला खेतीमा देखिएको अर्को समस्या हो । सुन्तला खेतीका लागि अनुकुल भुगोल, हावापानी भएको म्याग्दीमा सडक र बजार विस्तारसंगै यसप्रती आकर्षण बढेको छ ।

समुन्द्री सतहदेखि आठ सय देखि एक हजार दुइ सय मिटरको उचाईको भुगोलमा सुन्तला खेती गर्न सकिन्छ । पुस, माघ र असार सुन्तलाको बिरूवा लगाउने याम हो । रोगबाट बचाउन समयमै फल टिप्न र बगैचाको सरसफाइमा ध्यान दिनुपर्ने कृषि प्राबिधिकको सल्लाह छ । कृषि विकास कार्यालयले अनुदानमा बिरूवा वितरण गर्दै आएको छ ।

बढ्दो खेतीयोग्य जमिनलाई सदुपयोगमा ल्याउन सुन्तला खेती उपयुक्त विकल्प भएको राप्रपाका नेता समेत रहेका मरेकका कृषक बिरबहादुर थापा क्षेत्रीको भनाई छ । सिँचाइको प्रबन्ध र बजारलाई ब्यवस्थित गर्न सकेमा सुन्तला खेती मार्फत बाँझीएको जमिनलाई उपभोगमा ल्याउनुका साथै कृषकहरूको आम्दानी वृद्धि र रोजगारी सिर्जनाको सम्भावना रहेको थापाको भनाई छ ।

म्याग्दीमा सम्भावना बोकेको सुन्तलाको प्रर्वद्धनका लागि कृषि विकास कार्यालयले बगैचा सुदृढीकरण अभियान मार्फत पुराना र रोगी बिरूवाको उपचारमा सहयोग गरेको छ । कृषकहरूलाई फल टिप्ने, काँटछाँट गर्ने औजार र मलमा अनुदान दिएको छ । स्थलगत प्राबिधिक तालीम दिएको छ । यस वर्ष बजार प्रर्वद्धन गर्ने उद्देश्यले कार्टुन छपाइ गरेर समेत वितरण गरेको बागबानी विकास अधिकृत भोजबहादुर थापाले बताउनुभयो ।


## देशलाई लोडसेडिङ्ग मुक्त गराउने अभियानमा

**सहयोग गर्न सम्पुर्ण ग्राहक महानुभावहरुमा नेपाल विद्युत प्राधिकरण,म्याग्दी वितरण केन्द,बेनीको अनुरोध ।**

नेपाल बिद्युत प्राधिकरण लोडसेडिङ्ग न्यूनिकरण गर्दै ग्राहकवर्गहरुमा नियमित विद्युत आपूर्ति हुने गरी आपुर्ति र माग व्यवस्थापन गर्न प्रयासरत छ। बढ्दो चिसो तथा सुख्खायामको कारण नदीहरुमा पानीको बहाव कम हुन गई विद्युत उत्पादनमा कमि हुने भएकोले विद्युतको माग व्यवस्थापनको लागी तपसिल अनुसारको कार्य गरी/गराई देशलाई लोडसेडिङ्ग मुक्त गराउने ने.वि.प्रा.को अभियानमा सहयोग पुर्‍याई दिनुहुन सम्पुर्ण ग्राहक महानुभावहरुमा नेपाल विद्युत प्राधिकरण,म्याग्दी वितरण केन्द्र, बेनी हार्दिक अनुरोध गर्दछ।

**(१)** अन्य बल्बहरुको तुलनामा बढी आयु र प्रकाश दिने लेड (LED) बल्ब प्रयोग गरेमा विद्युत खपत कम हुने र दिर्घकालीन रुपमा अन्य बल्बको तुलनामा सस्तो पर्न जाने भएकाले लेड (LED) बल्बको प्रयोग गर्ने तथा पिकलोड समय ( विहान ६:००-९:०० र बेलुका ४:३०-८:३०) मा **आइरन, रुम हिटर, इर्मसन हिटर, पानी तान्ने पम्प, एयरकण्डिसनर, इलेक्ट्रिक गिजर, वाशिङ्ग मेशिन जस्ता** उपकरणहरु प्रयोग नगरीदिनुहुन अनुरोध छ।

- रुम हिटर, इर्मसन हिटर, एयर कन्डिस्नर, इलेक्ट्रिक गिजर लगायतका वढी विद्युत खपत गर्ने उपकरणहरु सम्भव भए सम्म पिकलोडका अतिरिक्त अन्य समयमा समेत प्रयोग नगरिदिनुहुन अनुरोध छ।
- कम विद्युत खपत गर्ने (Energy star Label) भएका बिद्युतीय उपकरणहरु प्रयोग गरीदिनुहुन अनुरोध छ ।
- कोठामा मान्छे नहुदां वत्ती लगायतका विद्युतीय उपकरणहरु स्वचालित रुपमा बन्द हुने मास्टर कि स्वीच (Master Key SwItch) को प्रयोग गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।
- आवश्यक नभएको अवस्थामा सम्पुर्ण विद्युतीय उपकरणहरुको स्वीच अफ गरिदिनु हुन अनुरोध छ।

**(२).** पिकलोड समय साँझ (४:३०-८:३०) वजेसम्म साना /ठुला सम्पूर्ण उद्योग नचलाउने, उद्योगहरुमा उर्जा परीक्षण (Energy Audit) गराई उपलब्ध विद्युत शक्तिको अधिकतम (Optimum) उपयोग गर्ने , उद्योगमा क्यापासिटर बैक अनिवार्य रुपमा जडान गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ।

**(३).** कार्यालय तथा उद्योग परिसर एवं सडकमा कम विद्युत खपत गर्ने लेड बल्व (LED Bulb) प्रयोग गर्न र सो को लागि दिनमा निभ्ने गरी स्वचालित स्वीच (Photo voltaic Switch) को प्रयोग अनिवार्य रुपमा गर्न ,जथाभावी वत्ती नबाल्न र सौर्य सडकवत्ती प्रयोग गर्नुहुन अनुरोध छ।

**(४).**स्वीकृत क्षमता भन्दा बढी एम्पिएर को MCB जडान गर्नुभएको छ भने डिमाण्ड चुहावटमा कारवाही हुने हुदां आफ्नो घर वा उद्योगमा जडित MCB को क्षमता हेरी स्वीकृत क्षमता भन्दा बढिको छ भने तुरुन्त यस केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**(५).** विद्युत चुहावट भए/गरेको पाईएमा सोको सुचना ने.वि.प्रा.,म्याग्दी वितरण केन्द्र को कार्यालयमा दिई सहयोग गरिदिनुहुन अनुरोध छ (सुचना दिने व्यक्तिको नाम गोप्य राखिनेछ)।


## दुई गाविसमा .....

गर्दै आएको सार्वजनिक जग्गालाई फिर्ता गरी सामुदायिक वन कायम हो । अतिक्रमण हटाउनका लागि प्रारम्भिक चरणमा समुदायिक वन उपभोक्ता समूह र वन प्राधिकको टोलीले वन अतिक्रमणको अवस्था अध्ययन गरी विवरण संकलन गरीएको थियो ।

दोस्रो चरणमा समुदाय स्तरमा आमभेला गराई वन अतिक्रमणले पार्ने दिर्घकालीन असर, समाधानको उपाय, कानुनी ब्यवस्था आदीका बारेमा जानकारी गराईन्छ । वृहत छलफलमा सम्झाई बुझाई र सचेत बनाइ अतिक्रमण गरेको जग्गा स्वतस्फुर्त रूपमा फिर्ता गर्न अनुरोध गरिएको रानीवन सामुदायिक वन उपभोक्ता समूह रणवाङका अध्यक्ष जिवन कार्कीले बताउनुभयो । सुरक्षाकर्मीको उपस्थिती र बलप्रयोग बिनानै अतिक्रमण हटाइएको हो । अतिक्रमण हटाइएको ठाउँमा वृक्षारोपण गरिएको छ ।

हाल नेपालमा वन अतिक्रमण हटाउन प्रहरी, प्रशासन परिचालन गरीदै आएपनि उपभोक्ताहरू परिचालन गरिएको पहिलो अभ्यास हो । म्याग्दीमा पहिले देखि दर्ता कायम भएर भोगचलन गरेको तर नापी छुटेको, चाहेर नियतबस आफ्नो बनाएको, सुकुम्बासी समस्या र विद्या( लय सञ्चालनका लागि संस्थागत तथा समुदायको निर्णय गराएर वन अतिक्रमण भएको देखिएको छ ।

अतिक्रमण हटाएपछि शनिबार दुई वटै गाविसलाई कुहुँमा आयोजीत समारोहमा वन अतिक्रमणमुक्त क्षेत्र घोषणा गरिएको छ । घोषणा कार्यक्रममा सहभागि सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरूले अतिक्रमण नगर्ने र अतिक्रमण हटाइएको ठाउँमा वृक्षारोपण गर्ने प्रतिवद्धता जनाएका छन् ।

जिल्ला र ईलाका वन कार्यालय बाबियाचौरको सहयोगमा बाबियाचौर र कुहुँ गाविसमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरूले कार्यक्रमको आयोजना गरेका थिए । घोषणामा अतिक्रमण गरेको जग्गा फिर्ता गरेका अधिकांश भने कार्यक्रममा भेटिएनन् । सहभागि भएका केहीले भने आफूले प्रयोग गरेको जग्गा सार्वजनिक भएको थाहा पाएपछि पछि समस्या पर्ने भएकाले फिर्ता गरेको प्रतिक्रिया दिएका छन् । केहीले भने समुदायको दवावले फिर्ता गर्न बाध्य भएको बताएका छन् ।

वन अतिक्रमण मुक्त घोषणा कार्यक्रमलाई सम्बोधन गर्न जन्मथलो पुगेकी पुर्व राज्यमन्त्री एवम् सांसद नरेदवी पूनले जनताहरूले आफ्नै सक्रिय सहभागिताले अतिक्रमण गरेको जग्गालाई वन बनाउने उदाहरणीय काम भएकोमा खुसी ब्यक्त गर्नुभयो । वनलाई आफ्नै सम्पतिको रूपमा सबै मिलेर संरक्षण र सदुपयोग गर्नसकेमा समुदायको आर्थिक र सामाजिक विकासमा सहयोग पुग्ने सांसद पुनको भनाई थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी यादवनाथ आचार्यले नेपाल सरकारको नियमलाई पालन गरि सामुदायिक बनबाट हुने फाईदा समुदायले नै लिनुपर्ने बताउनुभयो । नेपाली काग्रेस म्याग्दी कुहँ गाविसका सभापति विमबहादुर पुन, नेकपा एमाले कार्यसमिति म्याग्दीका सहसचिव देवबहादुर घले, नेकपा माओवादी केन्द्रका प्रतिनिधि दिलबहादुर किसानी, नयाँशक्ति नेपाल म्याग्दीका सहसंयोजक प्रेम गिरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका तोपबहादुर केसीले घोषणा कार्यान्वयन गर्न आग्रह गर्नुभयो ।

त्यसैगरि भू-संरक्षण अधिकृत दिवाकर पौडेल, जिल्ला वन अधिकृत सुखलालप्रसाद जयसवाल, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष सिता गुरूङ लगायतले समुदायमा आधारित अतिक्रमण हटाउने अभियान प्रभावकारी र दिगो भएको बताउनुभयो । घोषणा सभामा वन अतिक्रमण मुक्त बनाउन सहयोग गर्ने कुहुँ र बावियाचौर वन उपभोक्ता समिति र बावियाचौर इलाका वन कार्यालयका कर्मचारी र सहायक वन अधिकृत चन्द्रमणि सापकोटालाई सम्मान गरिएको थियो ।

रानीवन सामुदायिक वन समितिका अध्यक्ष जीवन कार्कीको अध्यक्षता, चिसापानी सामूदायिक वन समितिका अध्यक्ष जिनमान गौचनको स्वागतमा सम्पन्न कार्यक्रमका जिल्ला वन कार्यालयका वनरक्षक भवीराम किसानले सञ्चालन गर्नुभएको थियो ।


## हार्दिक बधाई



यस न्यु दरवाङ महिला बचत तथा ऋण सहकारी संस्था लि.को २०७३ पुष १६ गते भएको चौथो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनबाट अध्यक्षमा याममती रोका, उपाध्यक्षमा सुनमाया गुरुङ, सचिवमा ममसरा कार्की, कोषाध्यक्षमा गौमती चापागाई, सदस्यहरुमा मलक्ष्मी सापकोटा, चन्द्रमाया गुरुङ, कृष्ण तुलाचन, तिलकुमारी पुर्जा, नरदेवी रोका, दुलदेवी गुरुङ, मिना फगामी तथा लेखा तथा सुपरीवेक्षण समितिमा संयोजक हरिमाया बिक र सदस्यहरुमा निर्वाचित हुनुभएका ईन्द्र तुलाचन र भिमकुमारी बुढालाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । साथै यस सहकारीमा सेयर सदस्य बनी सबै घरधुरी सहकारीमा आवद्ध भएको गाविस घोषणा गर्न सहयोग गर्नुहुनै सबैलाई संस्थाको तर्फबाट धन्यवाद एवं आभार व्यक्त गर्दछौ ।

**सोलीना किसान**
**प्रबन्धक एवम्**

**न्यु दरवाङ महिला बचत तथा ऋण सहकारी संस्था लि., दरबाङ-१, म्याग्दी**

# गीत र म्युजिक भिडियोको विमोचन

■ नवविकल्प



म्याग्दीकी नवगायीका बिमला श्रेष्ठको लोक दोहोरी गित र म्युजीक भिडीयोको शुक्रबार बेनीमा बिमोचन गरिएको छ ।

प्रथम धौलागिरी लोकतारा शक्ति छिनाल र गायीका श्रेष्ठको स्वर रहेको "खुसी आँसुले लैदीयो"को हातेमालो साहित्य प्रतिष्ठानको आयोजना गरेको कार्यक्रममा अग्रज सर्जक दिपक कार्की बिखर्चीले बिमोचन गर्नुभएको हो ।

बेनीको क्रियटिभ मिडीया प्रोडक्सनले बजारमा ल्याएको भुपेन बानियाले निर्देशन गर्नुभएको सो गितको म्युजीक भिडीयोमा ध्रुब जिसी, सारीका केसी, राजकुमार बानिया र दुर्गा बिरहीको अभिनय रहेको छ ।

बिमोचन कार्यक्रममा प्रमुख अतिथि कार्की, म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिबनबहादुर विश्वकर्मा, सञ्चारकर्मी तथा कलाकार पदम विश्वकर्माले जिल्लालाई चिनाउन गित संगितको महत्वपूर्ण भुमिका रहने बताउनुभयो । जीवन कार्की (अथक)को अध्यक्षता, दर्पण रोकाको सञ्चालन र अमित विश्वकर्माको स्वागतमा सम्पन्न कार्यक्रममा कलाकार ध्रुब जिसी, निर्देशक भुपेन बानिया लगायतले शुभकामना मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

प्रो. सन्दीप/सलिना खत्री मो.९८४७७३८१३२,९८४७७५९७६६
ए हजुर कता ? प्रिन्टीङ्ग सम्बन्धी सम्पूर्ण काम यता !
लालीगुराँस प्रिन्टीङ्ग सेन्टर
संगमचोक, बेनीबजार म्याग्दी

फ्लेक्स प्रिन्ट,डिजिटल ब्यानर, लाईट बोर्ड, होडिङ्ग बोर्ड, रिफ्लेक्टी बोर्ड, कप प्रिन्ट, मायाको चिनो, मेडल, सम्मानपत्र, प्रमाणपत्र, डिजिटल परिचयपत्र, स्टीकर प्रिन्ट, टोपी प्रिन्ट, भिजीटीङ्ग कार्ड, फोटो प्रिन्ट,विवाह/व्रतबन्ध कार्ड, जर्सी प्रिन्ट, डिजिटल नाईलन छाप तथा डेस्कटप सम्बन्धी छिटो, छरितो र गुणस्तीय कामका लागि सदैव हामीलाई सम्झनुहोस् ।

प्रवन्ध निर्देशक - शंकर बराईली मो. ९८५७६२४३३४
प्रो. जीवनकुमार विश्वकर्मा मो. ९८५७६४००३४
"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"
जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)
विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

उद्यम गरौ, उद्यमशिल संस्कारको विकास गरौ ।
स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रयोग र प्रर्वद्धन गरौ ।।
मुदीमै झोला, स्वीटर, अगरबत्ती र च्याउ
मुदीका उद्यमीहरुले उत्पादन गरेका झोला र स्वीटर तथा खिवाङका उद्यमीले उत्पादन गरेको अगरबत्तीको प्रयोग र केन्य च्याउको उपभोग गरौ ।
झोलाका लागि: सगरमाथा लघुउद्यमी समूह, मुदी
स्वीटरका लागि : धौलागिरी लघुउद्यमी समूह, मुदी
सिर्जनशिल कन्यच्याउ लघुउद्यमी समूह खिवाङ
अगरबत्तीका लागि : प्रगतिशिल लघुउद्यमी समूह खिवाङ

पसल सरेको सूचना
बेनी बजारको पिपलचोकबाट सेवा दिँदै आएको महारानी वर्कसप बेनी बजारको गणेशटोलबाट (शिखर होटलको अगाडी) यही मंसिर १५ गते देखि सेवा दिने सम्पूर्ण ग्राहक मानुभावहरुमा जानकारी गराउँदछौ । साथै, सुजिकी कम्पनिको मोटरसाइकल र स्कुटीको अधिकृत विक्रेता । सम्पूर्ण कम्पनीका मोटरसाइकल र स्कुटीहरु मर्मत, सर्भिसिङ र पार्टपुर्जाहरु सुपथ मूल्यमा पाइन्छ ।
प्रो. सज्जन शाक्य (मोवाइल नं ९८५७६२३४०९)
महारानी वर्कसप
बेनी बजार,म्याग्दी

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

Our Services
Iphone Unlock, Jailbreak & repairing, Nokia, Samsung, LG, Sony, Blackberry, HTC, Flash, Unlock & Repair

प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१९०११

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी
रारा अटोमोबाईल्स
पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)
हाम्रा सेवाहरू
विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह
गुप्ता फ्रेस हाउस
क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७
हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङ्का सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286